# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३१ वैशाख २०८२

# बुधबार

# बैठक सङ्ख्या- ९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

(१३:१९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू आजको बैठकमा शुन्य समय नरहने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ अब म उक्त पत्रको व्यहोरा जानकारी गराउँछु।

विषयः- ऐनको प्रमाणित प्रति पठाएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्युबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको ऐनको प्रमाणीकृत प्रति एक थान यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

विधेयकको नामः- बैंकिङ्ग कसुर तथा सजाय दोस्रो संशोधन ऐन, २०८२।

प्रमाणीकरण मितिः- २०८२।०१।२४

डा. राम प्रसाद घिमिरे

सचिव

२०८२ बैशाख २४।

मानननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा कर प्रस्ताव बाहेक छलफल गरियोस् भनी राख्नुभएको प्रस्तावमाथि छलफलको क्रम जारी हुन्छ। माननीय सदस्यहरु उक्त प्रस्ताव माथिको छलफलमा भाग लिन दलीय आधारमा माननीय सदस्यहरुको नाम प्राप्त हुन आएको छ। अब म माननीय सदस्यहरुलाई छलफलमा भाग लिन क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय सात मिनेट। यसपछि माननीय सदस्य नारायण काजी श्रेष्ठ।

(१३:२१ बजे) **मानननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताको विषयमा म केही कुरा राख्न चाहन्छु। र नेपालको संविधान बनिसकेपछि राज्यका मौलिक अधिकारहरुलाई कार्यान्वयन गर्ने सिलसिलामा यो विधेयकले सम्बोधन गरेको छ। यो धेरै सकारात्मक पक्ष छ र यसले सार्वजनिक वित्तीय सन्तुलन र बजेटलाई अनुशासनमा राख्ने। र वित्तीय अनुशासन कायम गरी विकृतिहरुलाई हटाउने भनेको छ र हामीले उच्च प्रतिफल दिने योजनाहरूलाई अगाडि बढाउने र ऋणहरूलाई पनि उच्च प्रतिफल दिने योजनाहरुमा मात्र लगानी गर्ने भन्ने खालको छ। यसले गर्दाखेरि राष्ट्रको आर्थिक उन्नति हुने देखिन्छ र व्यवसायी मैत्री वातावरणको सिर्जना गर्ने र निजी क्षेत्रको लगानी प्रवर्धन गर्ने भनेको छ यसमा सबभन्दा ठुलो कुरा कानुनी सुधार हो र कानुनी सुधारमा हाम्रा प्रक्रियाहरु एकदम जटिल छ र त्यो जटिल प्रक्रियाले गर्दाखेरि हामीले विदेशीहरूलाई विदेशी लगानीहरुलाई पनि राम्रोसँग ल्याउन सकेका छैनौं र स्वदेशी लगानीहरुलाई पनि हामीले राम्रोसँग गर्न सकेका छैनौं। त्यसले गर्दाखेरि त्यो कानुनी प्रक्रिया कति झन्झटिलो छ भन्दाखेरि कुनै पनि एउटा उद्योग थप्नुपर्‍यो भने लगभग लगभग १० वर्ष तयार गर्नुपर्छ। EIA देखि सबै गर्दा खेरि एउटा राम्रो खाले उद्योग थाप्ने हो भने यहाँ १० वर्ष तयार गर्नुपर्छ। र यसमा पनि अलिकति सरकारले ध्यान दिनुपर्ने कुरामा अलिकति यो Economy मा यो बैंकबाट ऋण लिँदा खेरि यो कस्तो खालको हाम्रो उ हुन्छ भन्दा खेरि समस्या कहाँतिर हुन्छ भन्दाखेरि बैंकको ऋणमा एउटा एकरुपता ब्याज हुनपर्‍यो। उसको जति कारोबार गर्छ उसले जति त्यो आफ्नो Business गर्छ त्यसको एकरुपता हुनपर्‍यो। जस्तै आज ऋणको ब्याज ६% तोकिरहेको हुन्छ। भोलि ७% तोकिरहेको हुन्छ। धेरै उद्योगहरु अहिले धेरै डुब्ने सिलसिलामा रहेको उद्योगहरुको एउटा Plan हुँदैन। Plan नभइसकेपछि ऋणको ब्याज बढ्छ। बढ्दै जाने गर्दै जाने त्यसकारणले पनि उद्योगहरुले

राम्रोसँग आफ्नो प्रतिफल दिनसकिरहेको छैन।भविष्यमा भयो भने सरकारले एउटा खालको त्यस्तो खालको बनाउनुपर्छ कि एउटा पहिले जुन किसिमले Agreement भएको थियो त्यही अनुसारको व्याज एउटा निरन्तर भइरह्यो भने त्यसले एउटा राम्रो खालको स्थिरता उद्योगहरुमा ल्याउँछ जस्तो मलाई लागेको छ। मैले यति कुरा राखें। र यसमा अब धेरै कुरा यहाँ अब दलितका कुराहरु आएनन्। के को कुराहरु आएनन् भनेको छ यहाँ विपन्नको आधारभूत लक्षित वर्ग केन्द्रित समन्यायिक भनेर त्यहाँ समन्यायिक सुविधाहरु दिने समन्यायिक सुविधाहरु दिइसकेपछि राष्ट्रिय परिचयपत्रलाई त्यसमा समावेश गर्ने भनेको छ। त्यसले गर्दा खेरि अलिकति Duplication हरु नहुने। अब अहिले जुन किसिमले राष्ट्रिय परिचयपत्र आइसकेपछि देशमा यो जुन किसिमको सामाजिक अहिले यो अहिले हामीले भत्ताहरु लिने गरिरहेका छौं। त्यसमा हामीले सरकारले त्यो स्पष्ट गरेको छैन। तर लगभग लगभग ४-५ अर्ब सरकारले त्यो घट्याछ किनभने नागरिकताबाट लिने र ३-४ ठाउँबाट मान्छेले भत्ता खाने गरेको छ।र यसलाई National ID मा समावेश गर्न सकियो भने एक ठाउँबाट मात्रै जहाँबाट खाए पनि एकठाउँबाट मात्रै खाने व्यवस्था गऱ्यो भने त्यसले गर्दा एकरुपता हुने र त्यसले गर्दाखेरि दोहोरोपन नहुने देखिन्छ र यसले अर्कोतर्फ अब त्यो सुविधा खाने मान्छेले १० ठाउँबाट सुविधा खाने- सञ्चय कोषबाट पनि सुविधा खाने, नागरिक लगानी कोषबाट पनि सुविधा खाने। अनि Insurance बाट पनि खाने, सबै ठाउँबाट खाने देखिएको हुनाले त्यसलाई One Door System बाट गरेर एउटा मात्र सुविधा दिने व्यवस्था गऱ्यो भने यसले गर्दा राष्ट्रको त्यो भार यो जुन किसिमको आर्थिक भार हुन्छ त्यो कम हुने देखिन्छ र यसले अलिकति यसले यो संघीयता कार्यान्वयनमा पनि ठुलो एउटा राम्रो खालको यो सिद्धान्तले आत्मसात् गरेको छ र सन्तुलित विकासको लागि संघ, प्रदेश र स्थानीय तह तथा सार्वजनिक निजी साझेदारी सामुहिक क्षेत्रकोबिचमा समन्वय गर्ने भनेको छ यसले गर्दा खेरि Project हरु अलिकति Duplication पनि नहुने र संघले गर्ने र प्रदेशले के दायित्व लिने र स्थानीय तहले के दायित्व लिने भन्ने स्पष्ट भयो भने त्यो विकासको एउटा Modality पनि खडा हुने र त्यसमा Duplication पनि नहुने देखिन्छ। र यसको ज्यादै राम्रो पक्ष भनेको मलाई पहिलेदेखि मैले भन्दै आएको कुरा के भने यो नागरिकमैत्री सेवा प्रवाह र सुशासन सार्वजनिक सेवा प्रवाहमा नागरिक स्तर राष्ट्रिय परिचयपत्र र नागरिक एप जोड्ने भनेको छ। यो साह्रै नै राम्रो हो। यसले एउटा देशको यो अर्थतन्त्रदेखि लिएर हामीले जुन किसिमको कामहरु गरिरहेका छौं त्यसलाई एउटा राम्रो खालको Track मा ल्याउँछ र यसले सेवा सुविधाहरुलाई पनि एउटा Track लिएर आएर धेरै कुराहरु नागरिहरुलाई सहज गर्छ जस्तो लाग्छ। र पर्यटन तथा हवाई पूर्वाधार विकास भनेको छ। यसमा पनि अब हवाई पूर्वाधारहरु अब कसरी विकास गर्ने के गर्ने अहिले अब यो हाम्रो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जुन

किसिमको पूर्वाधारहरु विकास भइरहेको छ। त्यसले गर्दा खेरि लगभग लगभग २५% यो जुन किसिमको Traffic जाम भनेको छ। हवाईमा हुने Traffic जाम कम हुन्छ भनेर अड्कल गरेको छ त्यसले पनि हाम्रो यो पर्यटक ल्याउन सहज हुन्छ जस्तो मलाई लाग्दछ र हामीले यो हवाई पूर्वाधारमा पनि जहाँ अघि विकास गर्दाखेरि जहाँ प्रतिफल आउँछ त्यसमा मात्रै गर्ने भनेको जस्तो गरेर यो हवाई धावन मार्गहरु जहाँ पायो त्यहीँ बनाउने जहाँ माग छ त्यहीँ बनाउने हैन कि जहाँ प्रतिफल आउँछ त्यहीँ बनाउनेतिर हामीले जोड गर्नुपर्छ जस्तो मलाई लागेको छ र धार्मिक सांस्कृतिक तथा साहसिक खेल पर्यापर्यटन पूर्वाधारमा विकासलाई प्राथमिकता दिइनेछ भन्दाखेरि यसले हाम्रो धार्मिक पर्यटन Eco Tourism भन्छ अब अर्को साहसिक खेलहरु नेपालमा धेरै कुराहरु राम्रो विकास हुँदै आइरहेको छ। त्यसलाई यो विधेयकले समेटेको छ। र पर्यटन विकासका लागि वन तथा निकुञ्ज क्षेत्रको उपयोग गर्ने भनेको छ यो अलिकति जटिल प्रक्रियाको भए पनि अब यसलाई खालि environment जोगाउनेको नाममा मात्र नराखीकन त्यसलाई हामीले अहिले पनि विकास गरिराखेका छौं राष्ट्रिय निकुञ्जतिर पर्यटन Management Plan हरु बनाएर पर्यटन विकास गरिरहेको छ त्यसको Carrying Capacity पर्यटनको Carrying Capacity हरू कति हो के हो भनेर हामीले विकास गरिरहेको छौं त्यसमा पनि अलिकति यो बजेट तथा उले सोच्याछ ज्यादै सकरात्मक छ। विद्युत् उत्पादनदेखि लिएर यो धेरै कुराहरु हामीले विद्युत् उत्पादनलाई Hydro मात्र नगरीकन वैकल्पिक विद्युतमा पनि जाने भनेर भनेका छौं। अहिले संसारको माग पनि त्यस्तै भइरहेको छ। यो तर्फ पनि यो विधेयकले अंगीकार गरेको छ र वित्तीय संघीयता कार्यान्वयनमा पनि यसले राम्रो खालको प्रभावकारी भूमिका खेल्छ जस्तो मलाई लागेको छ यस सम्बन्धमा पनि यस विधेयकले राम्रोसँग स्पष्ट रुपमा बोलेको छ। र खानेपानीमा पनि अब यो खानेपानीलाई Upgrade गर्ने सरसफाईलाई Upgrade गर्ने भन्नेतर्फ पनि यो विधेयकले बोलेको छ। धन्यवाद।

(१३:२८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य नारायण काजी श्रेष्ठ। समय २० मिनेट। यसपछि माननीय सदस्य आनन्द प्रसाद ढुङ्गाना।

(१३:२९ बजे) <u>माननीय श्री नारायण काजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हामी सरकारद्वारा विनियोजन विधेयक, २०८२ को लागि प्रस्तुत सिद्धान्त र प्राथमिकताहरुमाथि छलफल गरिराखेका छौं। तर एउटा गम्भीर प्रश्न मैले प्रारम्भमै म राख्न चाहन्छु। यो कुनै सरकार वा सरकारमा रहेका पार्टीहरूको लागि मात्रै पनि सम्बन्धित छैन। के हामीले छलफल गरेर बहस गरेर हुन्छ के? नीति कार्यक्रममा बहस गऱ्यौं। हामीले यो सिद्धान्त र प्राथमिकता बजेटका माथि छलफल गर्दैछौं बजेटमाथि पनि हामी छलफल गर्नेछौं। र तर यो छलफलले

के हामी नीति कार्यक्रममाथि केही संशोधन परिमार्जन गर्न सक्यौं वा सक्छौं? के हामीले अहिलेको यो सिद्धान्त र प्राथमिकताहरुमा केही परिमार्जन हुन्छ या त्रुटि सच्याइन्छ? के भोलि प्रस्तुत हुने बजेट माथि पनि छलफल गरिसकेपछि त्यसले केही करेक्सन गर्छ कुनै यस प्रकारको छलफल र बहसले हामीलाई कता लैजान्छ भन्ने प्रश्नमा हामी सबै गम्भीर हुनुपर्ने आवश्यकता छ। हाम्रो लोकतान्त्रिक मूल्यहरू पद्धतिहरु माथि पनि हामीले पुनरावलोकन गर्न जरुरी छ ताकि हाम्रो छलफल र बहसले सार्थक परिणाम दिओस्। हैन भने छलफलको निम्ति छलफल बहसको निम्ति बहसको के अर्थ हुन्छ भन्ने प्रश्न हामी सबैले सौंच्नुपर्दैन? लोकतान्त्रिक मूल्य मान्यताहरुको कुनै रुढी बनाउन हुँदैन हामीले। हामीले त्यसलाई परिमार्जन गर्नुपर्छ र जीवन्त लोकतन्त्रको अभ्यास गर्नको लागि पहिलो ध्यान म सबै राजनीतिक पार्टीहरुसँग ज जसले हामीले हिँजो सरकार चलायौं भोलि पनि सरकार चलाउँछौं वा आज पनि सरकार चलाइरहेका छौं। हामीले नयाँ ढंगले सौंच्नुपर्छ। यो छलफल र बहसले सार्थकता पाओस्। यसले केही विषयहरुमा परिमार्जन गर्न सकियोस् म त्यतातिर गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। दोस्रो कुरा यो जो अहिले सिद्धान्त र प्राथमिकता प्रस्तुत भएको छ। पहिलो कुरा त यो सिद्धान्त र प्राथमिकतामा न सैद्धान्तिक प्रष्टता छ। न प्राथमिकतामा खास प्राथमिकीकरण र ठोसपना छ। यो त्यो कोंणबाट पनि अत्यन्तै कमजोर छ।र यसले आफ्नो जुन प्रकारको प्रतिबद्धता व्यक्त गरेको छ त्यो पनि देखाउनको लागि मात्र छ दोस्रो कुरा। किनभने व्यवहारमा जे बोलिराख्या छ सरकारले जे कुरा लेखिराख्या छ भाषण गरिराख्या छ त्यो आजको काम आचरणमा बिल्कुल भिन्न छ। त्यसकारणले गर्दाखेरि यहाँ अहिले प्रस्तुत भएको कुरा पनि देखाउनको लागि मात्रै हो ढोंगी कार्यपत्रको रुपमा प्रस्तुत भएको छ। त्यसकारण मैले यो भन्नका लागि भनेको हैन। हामी सबैले ध्यान दिउँ। के हामीले जे बोल्छौं जे लेख्छौं त्यो कुरा हामी कार्यान्वयन गरिराख्या छौं। र अहिलेको पनि सिद्धान्त र प्राथमिकताले बजेटमा अभिव्यक्त गर्छन र त्यो कार्यान्वयन हुन्छ। त्यो दिशातिर छैन त्यसकारणले दोस्रो कुरा त्यति बहस यसले धेरै माग किन गर्दैन भने यो नियत साफ भएर इमान्दारीतापूर्वक आएको छैन। केही कुरा राम्रा लेखिएका छन् तर त्यसो त अहिले एउटा थेसिसको नयाँ एउटा बडो दिक्दारीलाग्दो प्रक्रिया शुरु भएको छ। पीएचडीको मास्टरको थेसिसमा Consultant बनायो र थेसिस लेख्दिन्छ उसले डाक्टरको डिग्री लिएको पनि एउटा शिक्षाको दारुणिक कथाहरु हाम्रो अगाडि छ। यो पनि निबन्ध प्रतियोगित गरिदिएर सबभन्दा राम्रो सिद्धान्त प्राथमिकताको निबन्ध कसले लेख्न सक्छ भनेर तयार गरेर वाचन गरे भइहाल्यो नि त्यसलाई लागू नगर्ने हो भने। त्यसकारणले पहिलो त इमान्दारीताको आवश्यकता छ। त्यो इमान्दारीता र यहाँको लेखनको हेर्दाखेरि यो त्यसप्रतिको गम्भीर ध्यानाकर्षणको माग गर्दछ र त्यस्तो देखा पर्दैन। जहाँसम्म यसको सिद्धान्त र प्राथमिकताको कुरा छ। यसको सिद्धान्त र प्राथमिकताको लिखितै कुरा

गर्दाखेरि म अहिले खालि के कुरामा ध्यानाकर्षण गराउन चाहन्छु भने हुनुपर्ने के हो? हाम्रो सरकारको यो सम्बन्धमा हाम्रो विकासको ढाँचाको कुरा गरिएको छ। हाम्रो विकासको ढाँचा समाजवाद उन्मुख समावेशी प्रकृतिमैत्री विकासको ढाँचा हुनुपर्छ। यो कुरालाई गम्भीरतापूर्वक हामीले बोक्नुपर्ने हुन्छ र यसलाई अगाडि बढाउनुपर्ने हुन्छ। त्यसमा पनि लेखिएको छ तर ठोसपना प्रष्टता छैन। अर्को सिद्धान्तको आधार बनाउँदै गर्दाखेरी म यो कुरा गम्भिरतापूर्वक भनिराख्या छु की दलाल पूँजीवादको अन्त्य गर्दै दलाल पूँजिवाद अन्त्य गर्न पूँजिवादमाथी प्रहार र परास्त गर्दै राष्ट्रिय पूँजीको विकास उत्पादन शक्तिको विकास,उत्पादकत्त्व वृद्धि, स्वतन्त्र एवम आत्मनिर्भर अर्थतन्त्रको निर्माता र समाजवादको आधार यसको मुख्य सैद्धान्तिक आधार हुनु पर्छ। किनभने यो नगरिकन हामीले दलाल पूँजीवादको अन्त नगरिकन नेपालमा राष्ट्रिय पूँजीको विकास रोजगारीको सिर्जना र एउटा आर्थिक समृद्धिको प्रक्रियामा जानै सकिँदैन। यो कुरा गम्भीरतापूर्वक आत्मसात् गरिएकै छैन।दलाल पूँजी भनेको त्यस्तो पूँजी हो जसले श्रम पसिना लगानी गर्दैन।पूँजी पनि लगानी गर्दैन तिनटा ठाउँमा आफ्ना दलाल हुन्छन्। बाहिरका दलाल, कर्मचारी दलाल, राजनीतिक पार्टीका दलाल जो सरकारमा पनि हुन्छन्। तीनै मिलेर श्रम र पूँजी लगानी गरेर ठूल्ठुला आम्दानी गर्छन् र त्यसको उत्पादनमुखी लगानीमा जाँदैन कुनै उत्पादन हुँदैन। त्यसकारणले त्यसले कलकारखाना उत्पादन गर्दैन, रोजगारीको पनि उत्पादन गर्दैन। आम्दानी बढाउँदैन। क्रयशक्ति बढाउँदैन।उद्योग बढाउँदैन। त्यसकारणले गर्दा नै अर्थतन्त्रलाई यसले उत्पादनमुखी बनाउँदैन। चलायमान बनाउँदैन। त्यसकारण यो हुँदा सम्म हामीले जतिसुकै कार्यक्रमको कुरा गर्नुहोस् दलाल पूँजीवाद अहिलेको पूँजीको प्रमुख पक्ष हुँदासम्म हामीले अगाडि बढ्नै सकिदैन यो बारेमा पनि ध्यान गएको छैन। त्यसको त चर्चै छैन, चिन्तन नै छैन। यो नगरीकन नेपालमा राष्ट्रिय पूँजीको विकास अर्थतन्त्र चलायमान बनाउने गतिमान बनाउने स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्र बनाउने कुरा कल्पना नगरे पनि हुन्छ। अहिलेको मुख्य समस्या हाम्रो यो हो। दोस्रो कुरा मैले त्यसमा ध्यानाकर्षण गराउन चाहें। तेस्रो कुरा राज्यको आजको मुख्य कार्यभार सामाजिक न्यायसहितको समृद्धि हो।त्यसलाई एउटा सैद्धान्तिक आधार बनाउनुपर्नेछ र त्यो एकदम धिमा गतिमा छ। त्यसलाई तीव्रता प्रदान गर्न र फड्कोको बिन्दुमा पुऱ्याउनुपर्नेछ र त्यसको प्रतिफल श्रमजीवी वर्ग गरिबलाई मुख्य रूपमा र आम जनतालाई त्यसको प्रतिफल दिलाउनुपर्ने हुन्छ यसको सैद्धान्तिक आधार यो हुनुपर्ने हुन्छ। अर्को मौलिक अधिकार सामाजिक न्याय र सामाजिक सुरक्षालाई सुनिश्चित कसरी गर्ने भन्ने कुरा यसको अर्को आधार बन्नु पर्छ। सार्वजनिक सहकारी निजी र सामुदायिक क्षेत्रलाई जोडेर अर्थतन्त्रलाई चलायमान गतिशील र उत्पादनमुखी बनाउनुपर्ने कुरामा केन्द्रित हुनुपर्छ। यसमा यो कुरा लेखिएको छ तर यसमा कुनै जोड देखिँदैन र विशेषतः सहकारीलाई नयाँ ढंगले कसरी अगाडि बढाउने नेपालको सन्दर्भमा

भन्ने बारेमा कुनै खालको नयाँ योजना छैन। त्यस्तै संघीयतालाई सफल बनाउन वित्तीय संघीयतालाई कसरी सुनिश्चित गर्ने कार्यान्वयन गर्ने भन्ने बारेमा पनि ठोस यसले गम्भीरता प्रस्तुत गर्दैन। त्यस्तै गरेर मुख्य कुरा विधिको शासन, भ्रष्टचारप्रति शुन्य सहनशीलता भ्रष्टाचारीमाथि कारवाहीसहित सुशासनलाई सैद्धान्तिक मान्यताकै रुपमा अगाडि बढाउनुपर्छ। म यहाँ एउटा कुरामा जोड दिन चाहन्छु। लोकतन्त्रका सन्दर्भमा विधिको शासन भ्रष्टाचारीहरूमाथि प्रभावकारी कारवाही भ्रष्टाचारप्रतिको शुन्य सहनशीलता र सुशासन यसको सैद्धान्तिक पक्षकै रुपमा ग्रहण गर्नुपर्छ। यसो नगरीकन हामीले नेपालको सन्दर्भमा त विकासको प्रक्रियालाई तीव्रता दिने कुरै नगरे हुन्छ। सामान्यतया लोकतन्त्रमाथि प्रश्न उठ्छ र अहिले जस्तो प्रतिगमनको चर्चा भइराखेको छ। प्रतिगमनलाई परास्त गर्ने अचुक अस्त्र सुशासन र समृद्धिको प्रतिफलबाहेक केही हुँदै हैन। त्यसो नगर्दा सम्म हामीले जतिसुकै राजनीतिक नारा लिए पनि त्यसको उपाय हुँदैन। त्यसैकारणले यो बारेमा हामीले गम्भीर ध्यान दिन जरुरी छ र त्यसको सैद्धान्तिक आधार हामीले त्यसलाई पनि बनाउनुपर्ने हुन्छ। तर सरकारले के गरेको छ त यसको सैद्धान्तिक आधार वास्तविक व्यवहारमा। वास्तविक व्यवहारमा यसको सैद्धान्तिक आधार नवउदारवाद हो र आफ्नो सिद्धान्त त्यसले त्यसलाई बनाएको छ र दलाल पूँजीवादसँग हातेमालो गर्ने प्रोत्साहित गर्ने यसको मूल मान्यता आचरणमा देखिएको छ। जस्तो एउटा मात्रै उदाहरण दिन्छु म तपाईंहरुलाई त्यत्तिकै भनेको हुनै सक्दैन यो। हामीले कानुन बनाइसक्यौं। काला बजारियाहरुलाई कारवाही गर्ने जो प्रावधान थियो प्रावधान हटाइयो। के तर्क दियो त औपचारिक रुपमा भने अब Market Economy ले काम गर्छ त्यसकारणले गर्दाखेरि त्यो आवश्यक छैन भनियो। हामीले लैजान खोजेको कता? नवउदारवाद? पूँजीवाद? त्यसकारणले गर्दा यसले जुन प्रकारको दिशातिर अगाडि बढाएको छ सैद्धान्तिक आधारमै यसको त्रुटि छ। गलत खाल्डोतिर गइरहेको छ। संविधानसँग यो मेल खाँदैन। जहाँसम्म कार्यक्रमको कुरा छ। कार्यक्रमको बारेमा पनि गम्भीरतापूर्वक हामीले छलफल गर्न जरुरी छ। यदि यसको अर्थ निस्कन्छ भने। हाम्रो देशमा कोभिड पछाडि अहिले ३% लगभग सरदर आर्थिक वृद्धि छ। त्यसपछाडि हामीले ७% आर्थिक वृद्धिको कुरा गरेका छौं तर ४% आर्थिक वृद्धि पुऱ्याउन गाह्रो छ। करिब करिब असम्भव प्राय देखिन्छ। हाम्रो गएको ३ वर्षमा १०% जनशक्ति पलायन भएको छ। ध्यान दिऔं विशेष परिस्थिति युद्धमा भएको युक्रेन बाहेक संसारमा कुनै पनि मुलुक गएको ३ वर्षमा १०% जनशक्ति पलायन भएको छैन। हाम्रो ८ लाख प्रतिवर्ष वैदेशिक रोजगारीमा गइराखेका छन्। ५०० जनाले प्रति दिन NOC लिइराखेका छन् शिक्षाको लागि र यसैले स्थिति कस्तो भइराखेको छ हाम्रो रोजगारी छैन। त्यसकारणले हाम्रो परिवारको आम्दानी छैन। आम्दानी छैन त्यसकारणले क्रय शक्ति छैन। क्रय शक्ति छैन त्यसकारणले उपभोग छैन। उपभोग छैन

त्यसकारणले कलकारखानाको उद्योगहरुको  परिचालन क्षमता कम न्यूनतामा चलिराखेको छ। त्यसकारणले गर्दा गरिबी छ यो चक्र चलिराखेको छ। त्यसकारणले अरु  सुचकहरु देखाएर यो हल गर्न सकिँदैन। यसैले म के कुरामा जोड दिन चाहन्छु भने हामीले दृढतापूर्वक एउटा नयाँ ढंगको प्रक्रियामा जानुपर्छ। नत्रभए समृद्ध नेपाल सुखी नेपाली होइन, वृद्ध नेपाल दुःखी नेपाली बन्नेवाला छ। यो तथ्यलाई आत्मासात् नगरीकन यसलाई सच्याउन सकिँदैन। हामी वृद्ध नेपाल दुःखी नेपाली बनाउने कि समृद्ध नेपाल सुखी नेपाली बनाउने भन्ने प्रश्नमा गम्भीरतापूर्वक घोत्लिएर एउटा Departure गर्न जरुरी छ। क्रमभङ्ग गर्न जरुरी छ। त्यो क्रमभङ्ग गर्ने दिशातिर नलगेर यो  सिद्धान्त र प्राथमिकता  कस्तो छ त भन्दाखेरि यथास्थितिवादको निरन्तरतामा छ। तदर्थवादी यथास्थितिवादको निरन्तरतामा छ। यसले अहिलेको समाधान गर्दैन। आवश्यकता ठूलो संरचनात्मक परिवर्तनसहितको क्रमभंगता हो। त्यसो नगरिकन हामीले आज देशलाई निकास दिन सक्दैनौं र सङ्कटमा धकलिने प्रक्रियाबाट बचाउन पनि सकिँदैन। यो कुरामा गम्भीर ध्यान दिन जरुरी छ यसको सन्दर्भमा मैले प्याराडाइम सिफ्टको आवश्यकतामा जोड दिन चाहन्छु। हामीले  ठूलो संरचनात्मक परिवर्तन र सुशासन त्यसमा के गर्ने? मैले समयको चापको हिसाबमा मात्रै भन्न चाहन्छु। केही ठोसमा जाऔं। हामी शासकीय स्वरुपमा परिवर्तन गरौं। राजनीतिक अस्थिरता अन्त्य गर्नको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख  प्रणालीमा जाऔं। यो महङ्गो र भष्ट्रिकृत निर्वाचन प्रणालीलाई फेरौ। समानुपातिकनिर्वाचन प्रणालीमा जाउ। सांसदहरुलाई कानुन बनाउने कुरामा केन्द्रित गरौं। सरकारमा मन्त्रीहरु संसद बाहिरबाट जाऔं। र नयाँ एउटा परिवर्तन त्यो ढंगले गरौं। दोस्रो कुरा हामीले सुशासनको क्षेत्रमा ठोस प्रभावकारी कार्यक्रम अगाडि बढाऔं। अहिले जुन प्रकारको देखा परेको छ। त्यसले दलालहरुलाई, भ्रष्टाचारीहरुलाई प्रोत्साहित गर्ने खालको छ त्यसरी चल्दैन। विधिको शासन पनि छैन। भ्रष्टाचारमाथि नियन्त्रण र भ्रष्टाचारमाथि कारवाही पनि छैन। यसलाई पुरै परिवर्तन गर्नुपर्छ त्यसकारणले क्रमभंगता आवश्यक हो प्याराडाइम सिफ्ट आवश्यकता हो। संरचनात्मक परिवर्तन आवश्यकता हो। सुशासन आवश्यकता हो। मितव्ययिता आवश्यकता हो। मितव्ययिताको कोंणबाट भन्ने हो भने म प्रस्ताव गर्न चाहन्छु सांसदहरुको संख्या घटाऔं पुरै। यो अहिले जति छ टोटल तलदेखि माथिसम्मको यो जनप्रतिनिधिसभाहरुको संख्या घटाऔं। दोस्रो मन्त्रीहरुको संख्या घटाऔं। प्रदेशको मन्त्रालयको संख्या र मन्त्रीहरुको संख्या त झनै घटाउनैपर्ने हुन्छ। संविधानमा जो माथि लेखिएको छ यो सङ्घीय सरकारको पनि त्यसबाट पनि पुनर्विचार गरौं। नयाँ ढंगले जाने बाहेक हामीसँग कुनै पनि विकल्प छैन। यो तदर्थवादले पुऱ्याउने संकटमा नै हो। यो कुरामा  म विशेष अपिल गर्न चाहन्छु। त्यसैगरी हाम्रो अगाडि राज्यको अङ्गहरूको पनि पुनरावलोकन र पुनर्संरचना गर्नु आवश्यकता छ। राजनीतिक भागबन्डाको आधारमा नियुक्ति गर्ने

शैक्षिक संस्थाहरुमा, अदालतमा, न्यायालयमा, अख्तियारमा, निर्वाचन आयोगमा यो कुरालाई पुरै बन्द गर्नुपर्छ। यो भन्न जति सजिलो छ लागू गर्न त्यति कठिन छ भन्ने कुरा सही हो तर यसलाई त्यो दिशातिर नलगीकन हाम्रो लोकतन्त्रको प्रत्याभूति गर्न सकिँदैन र लोकतन्त्रको प्रत्याभूत नगरीकन न समृद्धिको प्रक्रिया अगाडि बढाउन सकिन्छ, न हामीले प्रतिगमनलाई रोक्न सकिन्छ। त्यसकारणले यो बारेमा पनि राज्यका सबै अंगहरुमा पुनरावलोकन र रुपान्तरणको अभियान चलाउनुपर्छ र राजनीतिक हस्तक्षेपलाई त्यसकारणले बन्द गर्नुपर्छ। जहाँसम्म सेक्टरल कुरा छ। सेक्टरल कुरामा पनि एकदम ठोस हुनुपऱ्यो। कृषि भन्यौं हामीले। कृषिमा अहिले पनि ६०% लगभग आश्रित छन्। कृषिको कसरी गर्ने विकास भन्ने बारेमा र यो कृषिको विकास गरेर कमसेकम खाद्यान्नमा आत्मनिर्भर होऔं र खाद्य सम्प्रभुता सुनिश्चित गरौं। नीति कार्यक्रम बनाऔं हामीले। त्यसको निम्ति सिंचाईको कुरा होस्। कृषि सामग्रीको कुरा होस्। हाम्रो यो अनुदानको कुरा होस्। हाम्रो शीतभण्डारको कुरा होस्। बजार व्यवस्थापनको कुरा होस्। यो सबै कुरामा हाम्रो मलहरुको कुरा होस्। सबै कुरामा एकीकृत योजना बनाऔं। यो पनि लेख्ने त्यो पनि लेख्ने यो पनि अलिअलि गर्ने त्यो पनि अलिअलि गर्ने कुराले हलै हुँदैन। कृषिको सन्दर्भमा ठोस खाद्य सम्प्रभुता सुनिश्चित गर्ने गरी हामी अगाडि बढौं त्यसमा पनि यो यो गरिन्छ भन्ने कुरा चाहिन्छ त्यो छैन। त्यसैगरी पर्यटनको बारेमा पर्यटनको सम्भावना हाम्रो जति छ। त्यो पर्यटनलाई हामीले सम्भावन पक्डनै सकेका छैनौं। अहिले श्रीलङ्का अहिले पछिल्लो आर्थिक Crisis र राजनीतिक परिवर्तन पछाडि विश्वकै सबभन्दा पहिलो पर्यटन गन्तव्य हुन लागिसक्यो। हाम्रो हालत के छ। पर्यटनको यत्रो अकुत सम्भावना भएको बेलामा पर्यटनलाई पक्रन सकिराखेका छैनौं हामीले।पर्यटनको सन्दर्भमा अगाडि बढाउनुपर्छ।यसो त नेपालमै एकमात्र सबैभन्दा प्रखर सम्भावना भएको पर्यटनको कुरा योग, ध्यान, आरोग्य, आध्यात्मिक पर्यटन हो। तपाईंको लुम्बिनी र पशुपतिनाथ जनकपुर लगायतकालाई मात्रै खसड र हलेसी लगायतकालाई मात्रै गर्न सकियो भने पनि हामीले हाम्रो नेपाली जनतालाई खुवाउन सक्ने आधार पर्याप्त मात्रामा विकसित गर्न कम मात्र बाँकी रहन्छ। तर हाम्रो खोई भन्या त्यो? मैले अघिल्लो वर्ष हाम्रै बजेट बनाउँदाखेरि पनि मैले ध्यानाकर्षण गराएँ लुम्बिनी उ थान्त आएर रोएर लुम्बिनीको रक्षा गर्ने Plan बनाइदियो।केन्जोटाङेलाई ल्याएर Master Plan बनाइयो।त्यस्तै Master Plan क्रियान्वयन गर्ने काम त बनाऔं भन्दा खेरि बजेटै राख्दैन। १० वटा पुल छोड्दिउँ। दुई टावरको बाटो एक्सप्रेस छोड्दिउँ। लुम्बिनीको Master Plan पुरा गरौं।त्यो किन नगर्ने हामीले? लुम्बिनी त मानव जाति रहँदा सम्म लुम्बिनीको महत्व झन् बढ्दै बढ्दै जानेवाला छ।हामी त्यसो गर्दैनौं। त्यसैकारणले गर्दा खेरि मैले यो बारेमा पनि ध्यानाकर्षण गर्न खोजें। अर्को तपाईंको जलस्रोत ऊर्जाको क्षेत्रमा हामीले अझै पनि मेहनत गर्नुपर्ने आवश्यकता छ तर ऊर्जाको कुराकानी

गर्दाखेरि Monosomy Trap भन्छ। हाम्रो ऊर्जा हाम्रो उत्पादन क्षमता कसरी बढाउने भन्नेमा होइन। ऊर्जा बेच्ने भन्ने र बेच्ने एउटा कुनै देशले जे शर्त राख्छ त्यही दिशातिर जानुपर्ने बाध्यताको शिकार हामी हुनुहुन्नँ।नयाँ ढंगले कसरी अगाडि बढ्ने भनेर सोंच्नुपर्‍यो। त्यसैगरी स्वास्थ्यको बारेमा शिक्षाको बारेमा पहिला भनौं शिक्षाको बारेमा बारम्बार भनिरहेको छु गुणात्मक लगानी भनेको एक वर्षलाई शिक्षा दशक घोषणा गरौं। हामीले त्यसलाई नयाँ ढंगले जाऔं।हामीले रोजगारीको स्रोतको कुराकानी गर्दाखेरि कृषि पर्यटन यो ऊर्जाको जुन कुरा गरेका छौं त्यसलाई नयाँ ढंगले व्यवस्थित त गर्नैछ। त्यसको अतिरिक्त नयाँ यो सूचना प्रविधिको विकासले जो डिजिटल क्षेत्रमा नयाँ सम्भावना देखा परेको छ। त्यसलाई पनि हामीले प्रयोग गर्नको निम्ति शिक्षा क्षेत्रमा लगानी गुणात्मक ढंगले वृद्धि गर्नुपर्छ। मेरा मित्र मन्त्रीज्यूहरु यहीँ हुनुहुन्छ। मैले पनि सरकारमा बस्दा धेरै लडेको विषय हो यो। तपाईंहरु पनि ध्यान दिनुहोला। शिक्षामा अहिलेको लगानीले हुँदैन। शिक्षामा गुणात्मक लगानी वृद्धि गर्नुपर्छ। टोटल चेन्ज गर्नुपर्छ शिक्षामा। र तब मात्रै हाम्रो देश बनाउन सकिन्छ। पूर्वाधारको पनि पूर्वाधार शिक्षा हो बाबा। मैले बारम्बार भनिराखेको छु- ५ वर्षदेखि २२ वर्ष २५ वर्षसम्म विश्वविद्यालयमा बस्छन् स्कूलमा बस्छन् जनता, नागरिक, व्यक्ति। उसको आधारमा समाज निर्माण हुन्छ।त्यहाँ लगानी गर्न हामी किन हिचकिचाउँछौं। अरु केही समय तदर्थवादी ढंगले छोड्नुपर्छ भने छोडौं तदर्थवादी कामहरु। मेरो त्यो शिक्षाको क्षेत्रमा पनि छ। अन्त्यमा म के भन्न चाहन्छु भने यो स्वास्थ्यको क्षेत्रमा जनस्वास्थ्यको चेतना बढाउने काम निरोधात्मक प्रणालीलाई अगाडि बढाऔं। त्यो कुरामा विशेष ध्यान दिन चाहन्छु। हाम्रो अहिलेको स्वास्थ्य प्रणाली कस्तो छ भने बिरामी होउ पुरै उपचार त गर्न सकिँदैन थोरै थोरै जति सकिन्छ त्यति गरौंला भन्ने एलोप्याथिक उपचार प्रणाली छ अहिले। यसलाई निरोधात्मक प्रणाली जनस्वास्थ्यको पुरै चेतना विस्तारसहित निरोधात्मक प्रणालीमा विस्तार गरौं र त्यसो गर्दाखेरि मैले पाँचवटा कुरालाई एकैसाथ जोडौं भनेर अपिल पनि गर्न चाहन्छु। एउटा कुरो हामीले आयुर्वेद र प्राकृतिक चिकित्सा प्रणालीलाई जोडौं यसलाई अभियानकै रुपमा अगाडि बढाऔं। योग र ध्यानलाई अभियानकै रुपमा अगाडि बढाऔं। Organic Farming लाई अभियानकै रुपमा अगाडि बढाऔं र यो Chemical Fertilizer को सट्टा हामीले जैविक मल प्राङ्गरिक मलको कुरा त गरिराखिएको छ तर ठोसपना महत्व दिएको छैन। माटो बचाउने अभियान चाहियो हामीलाई। जैविक मल र जैविक किटनाशक औषधीको विकास गरेर त्यसको प्रयोग गर्ने दिशातिर जाऔं र हामीले भान्सा पनि सुधार गरौं।र नयाँ ढंगले नेपालमा आरोग्य मान्छेहरु उत्पादन गरौं। एलोप्याथीको १०%/१५% मात्र तपाईंले यो क्षेत्रमा खर्च गर्ने हो भने नेपाली जनताको आरोग्यताको स्तर, चेतनाको स्तर, स्वास्थ्यको स्तर अर्को हुन्छ। त्यसकारणले त्यो दिशातिर विशेष ध्यान दिन चाहन्छु र अध्यक्ष महोदय अहिले म यो

माइक बन्द हुनुभन्दा अगावै छोड्छु। अस्ति माइक प्याप्या गरेर मैले लास्टमा बोल्नुपरेको थियो। त्यसैले म के भन्छु भने सबै गम्भीर होऔं। तदर्थवाद समाधान होइन। कुनै पनि हालतमा होइन। हामीले क्रमभङ्ग गर्नैपर्छ। संरचनात्मक परिवर्तन गर्नैपर्छ। सुशासनको कदम चाल्नैपर्छ। र मितव्ययिता अपनाउनैपर्छ। त्यसको निम्ति गम्भीर राष्ट्रिय बहस गरौं बरु र त्यसलाई न्युनतम साझा सहमति हुनसक्छ वा सक्दैन तर दृष्टिकोंण नै दलाल पूँजीवादलाई प्रोत्साहित दिने छ। नव उदारवादलाई प्रोत्साहित दिने छ। र पूँजीवाद बजार व्यवस्थालाई प्रोत्सहान दिनेछ भने हाम्रो संविधानलाई त्यसले नमानेको ठहरिन्छ। संविधानलाई नमानीकन यो देशको सामाजिक आर्थिक रुपान्तरण हुन सक्दैन। यो कुरामा पनि म विशेष अपिल गर्दै बिदा हुन्छु। धन्यवाद।

(१३:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य आनन्द प्रसाद ढुङ्गाना। समय ८ मिनेट। यसपछि माननीय सदस्य जयन्ती देवी राई।

(१३:४९ बजे) **माननीय श्री आनन्द प्रसाद ढुङ्गाना (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयक, २०८२ को सिद्धान्त र प्राथमिकताका बारेमा आफ्ना कुराहरु राख्दैछौं। अब सरकारले ल्याएको सिद्धान्त र प्राथमिकताका बारेमा यसमा उसले सिद्धान्तलाई पनि जसरी नीति तथा कार्यक्रममा आफ्ना कुराहरु प्रष्ट रुपमा राखेको छ। त्यसै किसिमबाट यसलाई प्रस्तुत गर्न कोशिस गरेको जस्तो मलाई लागिरहेको छ। त्यसैले म यसलाई अहिले समर्थन गर्दै मेरा केही कुराहरू यहाँ राख्न चाहन्छु।सबैभन्दा पहिले त हामीले के बुझ्नुपर्‍यो भने विकास भनेको जनताका लागि गर्ने हो। विकास भनेको जनतालाई चाहिने हो। जनतालाई चाहिने विकास हामीले कसरी गर्ने भन्ने कुराहरु बडो अप्ठ्यारो परिस्थितिमा हामी हुन्छौं। हामीलाई भन्दाखेरि के भनिन्छ भने तपाईंहरू त ऐन कानुन बनाउने विधायक त हो नि तपाईहरुलाई विकास सम्बन्धीका कुराहरु किन गर्नुपर्यो। तर जनताले के भन्छ भने तपाईंलाई मैले निर्वाचित गरेर पठाएको छु तपाईंले विकासको कुरा मेरा स्कुल भत्किएका छन्। मेरा पुल टुटेका छन्।मेरा सिचाई छैनन्। सिँचाईको व्यवस्था छैन। मेरो अन्नको उब्जनी छैन। त्यस्तै गरेर सबै गर्दिनुहोला भनेर विश्वासको आधारमा तपाईंलाई मैले मत दिएको हो नि त भनेर भन्छ। त्यसको जवाफ हामीसँग छैन। त्यसैले म के भन्न चाहन्छु भने कहीं न कहीं विकाससँग यो सांसदहरुलाई जोड्नुपर्छ। न जोड्यौ भने ठिकै छ विकासका कुराहरु हामीले खर्च गर्नुपर्छ भन्ने कुरा होइन। समग्र रूपमा सरकारले त्यो व्यवस्थापन कसरी मिलाउने हो? त्यो गएर

मिलाउनुपर्छ तर के हो भने कहि न कहीँ सांसदहरू पनि जोडिनुपर्छ। जोडिनुको अर्थ चाहे ५ करोड भो चाहे १० करोड भो भनेर दिने अवस्था जुन हिंजो थियो त्यो नहोस्। तर एउटा निर्वाचन क्षेत्रमा यति सडक बन्छ यति स्कुल बन्छ खानेपानीको यति व्यवस्थापन हुन्छ। यसै गरेर यति सिँचाईको काम हुन्छ। यति  गएर अरु कुराहरु हुन्छ भन्ने कुरा राख्न सकिएन भन्देखिन हामीले जवाफ दिने अवस्था हुँदैन र देशले विकास पनि गर्दैन। हुन त यहाँ धेरै साथीहरुले  यो मोडलै Change गर्नपर्छ भनेर भन्नुभयो। अब अहिले यो जुन संसदीय व्यवस्थालाई स्वीकार गरेर हामी आएका छौं। म प्रश्न गर्न चाहन्छु- संसारमा हिटलर कहाँबाट आयो? हिटलर पनि निर्वाचित भएर आएको हैन र? हामीले  गएर भोलि राष्ट्रपतिको निर्वाचनको कुरा हामीले गर्दियौं राष्ट्रपतिको निर्वाचन भयो भने त्यो हिटलर बन्न सक्दैन? मुसोलिनी बन्न सक्दैन? इजरायलमा प्रधानमन्त्रीको चुनाव प्रत्यक्ष हुँदैनथ्यो? किन असफल भयो? यो के हो भने निर्वाचन प्रणालीबाट मात्रै परिवर्तन हुन्छ भन्ने यदि हामीले सोंचेका छौं भने यो सम्भव छैन। हाम्रो नियतमा परिवर्तन हुनुपर्‍यो। हामीले जहाँ पनि बाँडफाँडकै कुरा गर्छौं। अब यहाँ कोही न कोही कुनै न कुनै पार्टीलाई चुनावमा भोट त दिन्छ नै बाँडफाँडको आधारमा हैन। पावरको शेयरिङको आधारमा तपाईंको  गएर कहीपनि व्यक्तिहरुको भर्ना हुन्छ। अब चाहे त्यो विश्वविद्यालयमा होस्, चाहे अख्तियारमा होस्, चाहे त्यो लोकसेवामा होस्, चाहे त्यो जहीँ पनि होस् त्यो तपाईको गएर क्षमता व्यवस्थापन गर्न सक्ने आधारमा गरिएको हुन्छ। त्यसलाई  बाँडफाँडको कुरा हामीले बङ्ग्याएर भन्न थाल्यौं भनेदेखि के हुन्छ भने अहिले मान्छेलाई के लाग्छ भने साँच्चै नै यी पार्टीहरु जो जो सरकारमा जान्छ त्यसैले बाँडफाँड गर्छ भन्ने लाग्छ। तर म यहाँहरुलाई एउटा प्रश्न गर्न चाहन्छु। यो अहिलेको बजेट कसले बनाएको हो? अहिलेको बजेट कसले बनाएको हो? हाम्रो तत्कालीन अर्थमन्त्री वर्षमान पुनजीले बनाएको हैन? त्यसलाई हामीले Change गर्‍यौं? किन गरेनौं? किनभने एउटा सरकारले बजेट ल्यायो त्यसलाई हामीले व्यवस्थापन पो मिलाउनुपर्छ। यसलाई हामीले सकरात्मक रुपमा अगाडि बढाउनुपर्छ भन्ने  मानसिकताको आधारमा एउटा Democratic Exercise हामीले गरेका छौं।यसमा केही कमी कमजोरीहरु छ भने त्यसलाई हामीले नै सुधार्नुपर्छ। अरुले आएर हामीलाई सुधार्दिंदैन। हामीले के बुझ्नुपर्‍यो भने मैले भनेपछि ठिक तैंले भनेपछि बेठिक भन्ने भाषाहरु हामीले गर्न थाल्यौं भनेदेखि अनि यो देशमा  गएर हामीले जुन प्रकृति चाहेका थियौं। जुन संघर्ष हामीले गरेका थियौं। जे का लागि हामीले संघर्ष गर्‍यौं त्यसको प्रतिफल हामीले पाउन सक्दैनौं। यसले  गएर के हुन्छ भने देखिन् के लाग्छ आफुलाई भने कि मैले गरेको सबै कुरा ठिक हो मैले भनेको सबै कुरा ठिक हो तैंले भनेको कुनै पनि कुरा ठिक हैन भन्ने भाषाहरु बोल्न थाल्यौं भने देखिन यो Democratic Pattern को अवस्था हो जस्तो मलाई लाग्दैन।त्यसैले म के भन्न चाहन्छु भने जुन शिक्षाका बारेमा भनेको छ। मैले बुझेको मैले

जानेको शिक्षा म पनि कुनै गाउँबाट पढेर आएको होला नि। मैले पढ्ने बेलामा कस्तो स्कूल थिए। मैले पढ्ने बेलामा मेरो गाउँमा म मन्दिरमा पढेको हो। एउटा शिक्षक हुन्थ्यो। दुइ टोलको ४ टोलको केटाकेटी आउँथे। म त्यो मन्दिरमा पढ्थें। म एकपटक माननीय बनिसकें। तर पनि त्यहाँ स्कुल थिएन। धर्मशालामा Primary School थियो। मलाई जनताले भने- तपाईं एकपल्ट माननीय पनि भइसक्नुभयो आज पनि यो धर्मशालामा चलिरहेको छ। तपाईलाई अलिकति शरम हुँदैन त्यहाँ। हुन्छ। जबसम्म सबैले सहयोग गर्नुहुन्न। जबसम्म यो स्कुलपछि भावना जुट्दैन तबसम्म म गर्न सक्दिनँ। मैले बनाइदिउला २ करोडको बिल्डिङ बनाइदिउँला त्यो बिल्डिङ्गको प्लास्टर झऱ्यो भने कसले प्लास्टर गर्ने फेरि? तपाईंहरु जुट्नुपर्छ। जुटे त्यहाँ अहिले हाइ स्कुल छ। त्यहाँ १०+२ छ। त्यहाँ ११, १२ र बीएको कलेज चलिराखेको छ। यहाँ के हुन्छ भने जबसम्म जनतालाई आकर्षण गर्न सक्नुहुन्न। जबसम्म जनतालाई तपाईं आफु यो व्यवस्थाप्रतिको हामीले समस्याको समाधान खोज्दैनौं तबसम्म हामीले मात्रै गरेर कुनै कुरा हुन्छ भन्ने कुरामा मलाई लाग्दैन।यहाँ सरकारले अब मौलिक अधिकारमा हामीले संविधानमा लेखेका छौं। शिक्षा र स्वास्थ्यको अधिकार लेखेका छौं। अब स्वास्थ्यलाई हामीले के भन्दियौं- ७५३ वटै नगरपालिकामा गएर १५ बेडको अस्पताल हुन्छ भनेर भन्दियौं। बनाउन सकेका छौं? हुन सकेको छ? अस्ति एउटा इन्टरभ्यु मैले सुनिराखेको थिएँ एउटा गाउँपालिकाको अध्यक्षले मजाले भन्दै थिए हाम्रो २ किलोमिटर ४ किलोमिटर भित्रमा ३/४ वटा नगरपालिका छ। त्यो ४ वटा नगरपालिकाभित्र एउटा राम्रो ५० बेडको वा १०० बेडको अस्पताल बनाइदिएको भए त्यहाँ हामीले ४ वटा नगरपालिकाले चलाइदिन्थ्यौं। तर एकै ठाउँमा १५ बेडको अस्पताल चलाउँ भन्दा खेरि सरकारकहाँ जान्छु स्रोतको सुनिश्चितता छैन। अस्पताल बनेको छैन। डक्टर छैनन्। इक्विपमेण्ट छैन।मैले कसरी चलाउने? म देखाइदिन्छु करोडौं रुपैयाँको अस्पताल बनेको छ तर त्यहाँ चलिराखेको छैन। किनभने अहिलेसम्म ठेकेदारको पेमेण्ट हुन सकेको छैन। त्यो के हो भनेदेखिन हामीले के गऱ्यौं भने हामीले गर्न सक्ने कुरा गरेनौं। हामीले जे गर्न सक्छौं त्यो कुराबाट हामी अगाडि बढेनौं हामी के मा बढ्यौं भनेदेखिन् जसले गर्दाखेरि आज अस्पतालहरु कहीं पनि र हाम्रो मधेशमा भन्ने गर्छ मरे गय भरजी पानी त चाहिन्छ। भन्छ के- हाम्रो सन्तान दर सन्तान छन् रे तर आफुलाई दुःख छ। त्यस्तै छ। किन ७५३ अ बेडमा १५ बेडको बन्छ पनि भनिदिउँ तर व्यवस्थापन मिलाउन सकेका छैनौं। फेरि अहिले यो जो गएर नीति तथा कार्यक्रममा ठोस रुपमा जो आयो नि...(समय सकियो)।

(१३:५८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य जयन्ती देवी राई। समय ५ मिनेट। यसपछि माननीय सदस्य पूजा चौधरी।

(१३:५८ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यतिबेला हामी ०८२ र ०८३ को सिद्धान्त र बजेटको प्राथमिकताको महत्त्वपूर्ण छलफलमा हामी छौं। र म सबभन्दा पहिला के भन्न चाहन्छु भने बजेट भनेको आज पक्ष र प्रतिपक्षको होइन। बजेट भनेको जनताको निम्ति हुनुपर्छ र यहाँ कुनै हामीले पक्ष र विपक्षमा बोल्न पनि जरुरत छ जस्तो मलाई लाग्दैन। र दोस्रो कुरा भनेको जुन लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्दै यो बहसले यो छलफलले सार्थकता पाओस् भन्न म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। र सिद्धान्तमा मेरो भन्न त्यति धेरै छैन। केही कुराहरू राम्रै पनि आएका छन्। र यहाँ आत्मनिर्भर बजेटका कुरादेखि लिएर समाजवाद निर्माणका आधार र राजनीतिक अस्थिरताको कुरालाई अन्त्य गर्ने कुरा र विकासलाई तिव्रता दिने कुरा रोजगारीका कुराहरू यो सिद्धान्तमा परेको हुनाले यसलाई म ठिकै ठान्छु तर के भन्दाखेरि सिद्धान्त राम्रो ठिकै आएता पनि त्यसको प्राथमिकतालाई हेर्दाखेरि अब यो नेपाली जनताहरुको लागि "हात्ती आयो हात्ती आयो फुस्स" भन्ने नेपाली उखानजस्तै हुन्छ कि भन्ने मलाई लागेको छ र नेपाली जनताहरुले खास यसबाट पाउनेवाला पनि छैन र उनीहरूको जीवनमा कुनै परिवर्तन हुने अवस्था देखिँदैन। र हामीले आत्मनिर्भर अर्थतन्त्रको कुरा गरिरहेका छौं। र समाजवाद उन्मुख अर्थतन्त्रको कुरा गरिराखेका छौं। तर पनि आज त्यसलाई निर्धारण गर्ने। त्यसलाई प्राथमिकताको आधार के हो त भन्दाखेरी मुख्य रुपमा कृषि क्षेत्रको आत्मनिर्भरता नै हो।र कृषि क्षेत्रको आत्मनिर्भरमा हामीले त्यसलाई बढी मात्रामा प्राथमिकता राखिएन भने त्यो हामीले सोचेजस्तो आर्थिक विकास पनि हुने छैन र आर्थिक अर्थतन्त्र पनि मजबुत हुनेवाला छैन। त्यसकारणले आज कृषिलाई मध्यनजर गरेर कृषिलाई नै व्यवसायीकरण र आधुनिकरण औद्योगिकरण रूपमा हामीले बदल्नै पर्छ र आज किसानहरूको उत्पादनलाई हामीले ग्यारेन्टी गर्नपर्यो। र किसानहरूलाई मल, बीउ, सिँचाई सबैको उचित व्यवस्थापन गर्नुपऱ्यो र आज बजारमा कब्जा गरिरहेको दलाल पूँजीवादको अन्त्य गर्नैपऱ्यो। होइन भने आज किसानले पनि मूल्य नपाउने र उपभोक्ताले पनि सहज ढंगले खान नपाउने किसिमको अवस्था छ। त्यसकारणले यसमा मध्यनजर गर्नुपर्छ भन्न चाहन्छु। र अर्को कुरा भनेको सामाजिक न्याय र मौलिक हकसँग जोडिएको कुराहरु पनि बजेटमा निर्धारण गर्नुपऱ्यो। र सुशासन र रोजगारी अस्ति प्रधानमन्त्रीज्युले भन्नुभयो कि- जात जातमा अब चाहियो अब सबै भाषा भाषा क्षेत्र क्षेत्रमा

चाहियो दिनपर्‍यो। चाहिन्छ किनभने आज हामीले मौलिक हक भनेको र मौलिक हकसँग जोडिएको कुरा हो। सामाजिक न्यायसँग जोडिएको कुरा हो। आज हामी दिर्घकालीन विकासको निम्ति र समतामूलक मुलुक निर्माणको निम्ति ती पछाडि परेका वर्गहरुलाई हामीले मूल प्रवाहमा ल्याइएन भने कसरी आज त्यो परिकल्पना गर्न सक्छौं? त्यसो भएको कारणले पनि आज यो सामाजिक न्याय र मौलिक हकलाई पनि एउटा प्राथमिकता दिनुपर्छ भन्ने कुरा हो र अर्को कुरा भनेको दिगो विकास जुन हामीले ५ वर्षभित्रमा अब दिगो विकासका लक्ष्यहरु हासिल गर्दैछौं। त्यसकारणले दिगो विकास हासिल गर्नको निम्ति अहिले पनि नेपाली जनताहरु २० प्रतिशत भन्दा धेरै गरिबीको रेखामुनि छन्। अहिले पनि कृषि क्षेत्रमा हेर्नुहुन्छ भने १० लाख हेक्टर जमिनहरु बाँझो छ। र आज अघि माननीयज्युहरुले भन्नु भए जस्तै गाउँका वृद्धहरुको आश्रम बन्दै आएको छ। युवाहरु सबै पलायन छ। बौद्धिक शक्तिहरु सबै पलायन छन्। कसरी हामीले परिकल्पना गर्न सक्छौं कि आज प्राथमिकता राम्रो आयो भनेर भन्न सक्ने अवस्था छैन त्यसकारणले म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु र प्राथमिकता क्षेत्रहरूमा यो बहसले यो बहस जुन हामीले छलफलमा ल्यायौं सुझावहरुलाई राखेर एउटा बजेट विनियोजन राम्ररी आओस् भन्ने म चाहन्छु। धन्यवाद।

(१४:०४ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य पूजा चौधरी।समय ५ मिनेट। यसपछि माननीय सदस्य वामदेव गौतम।

(१४:०४ बजे) **<u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकतामाथि हामी छलफल गरिरहेका छौ। यसै सन्दर्भमा हाम्रो मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त अनुरूप समावेशी विकास र समाजिक न्यायमा नागरिकको पहुँच सुनिश्चित गरेको छ। कृषि क्षेत्रलाई व्यवसायीकरण गरी उत्पादन र उत्पादकतत्त्व बढाउन इकोसिस्टम प्रभावकारी बनाउने होस् वा सबै प्रकारका अनुदान कृषकलाई उपलब्ध गराउने कुरा होस् यसले कृषकहरूलाई प्रोत्साहन गर्ने र कृषि क्षेत्रमा उत्पादन बढ्ने आशा जगाउँछ। तर देशको अन्न भण्डार मानिने मधेश प्रदेशको उर्वर भूमिलाई सिञ्चित गर्नका लागि पानीको मूल स्रोत भनेको चुरे क्षेत्र हो। नीति तथा कार्यक्रममा चुरे संरक्षणको कुरा भएता पनि यस विनियोजन विधेयक माथिको सिद्धान्त र प्राथमिकतामा भने चुरे क्षेत्र परेन। चुरे क्षेत्र भौगोलिक, प्राकृतिक, जैविक लगायत सम्पूर्ण क्षेत्रबाट बहुउपयोगी क्षेत्र मानिन्छ। यहाँका बहुमूल्य वनस्पति, जडिबुटी, जीवजन्तु र यस क्षेत्र

आसपासका बसोबास गर्ने अधिकांश मानव जीवन चलाउन यस क्षेत्रको ठूलो योगदान छ। अन्नको भण्डार मानिने मधेश प्रदेश उराठ मरुभूमि बन्ने सम्भावना देखिन्छ। गर्ने अधिकांश मानव जीवन चलाउन यस क्षेत्रको ठूलो योगदान छ। अन्नको भण्डार मानिने मधेस प्रदेश उराट मरुभूमि बन्ने सम्भावना देखिन्छ। सरकारले चुरे संरक्षणका लागि अरबौं रुपैयाँ खर्च गरेको भए पनि वनजङ्गल विनाश र खोलाबाट गिट्टी बालुवाको अवैध निकासीले गर्दा चुरे संरक्षणमा चुनौती थोपार्दै थपिँदै गएको छ। र यहाँका उब्जाउ जमिन मरुभूमिमा परिणत हुने सम्भावना बढीरहेको छ। त्यसैले यदि कृषि क्षेत्रको उत्पादन बढाउने हो भने चुरे संरक्षण गर्न पनि जरुरी देखिन्छ। साथै यसभन्दा अगाडिको विनियोजन विधेयकमा मल कारखाना खोल्ने कुरा पनि उल्लेख थियो। तर यसपाली मल कारखाना पनि प्राथमिकतामा देखिएन प्रारम्भिक र जैविक मल मात्र प्रयोग गरेर विषादी मुक्त स्वास्थ्यकर उत्पादनमा जोड दिएको छ। तर मेरो जिज्ञासा के प्रारङ्गिक र जैविक मनलाई मात्र कृषि क्षेत्रलाई धान्न सक्छ र? युवा, महिला, बालबालिका तथा जेष्ठ नागरिकको हकमा देशको समृद्धिमा योगदान बढाउन तथा आर्थिक क्रियाकलापमा युवा तथा महिलाको उद्यमशीलता विकासमा जोड दिइने कुरा छ। यो राम्रो पनि हो तर देशका हरेक कुनामा सडक बालबालिका र कुलतमा फसेका युवाहरूको व्यथिति पनि त्यस्तै छ। फोहोरका थुप्रा शरीरमा भिर्दै विभिन्न गली बाटोमा हिँडिरहेका हुन्छन् सडक बालबालिकाहरूले स्कुल देखेका हुँदैनन् दिनभरि फोहरमा डुल्ने र रात परेपछि सडक पेटीमा सुत्ने उनीहरूको दिनचर्या नै बनिसकेको छ। यस्ता बालबालिकाहरुले आफ्नो स्वास्थ्य र भविष्य दुवै गुमाउँदै गइरहेका छन् कुलतमा फसेका युवाहरूले कति आमाबुबाका सपनाहरू चुडिएर लगिरहेका छन्। हुन त सर्वसुलभ र सबैको पहुँचमा शिक्षा र स्वास्थ्य भनिए पनि म सम्माननीय अध्यक्षज्यू मार्फत यस्ता बालबालिका र युवाहरूको भविष्य प्रति सरकार अझ बढी संवेदनशील हुन जरुरी छ भन्दै ध्यानाकर्षण गराउन चाहन्छु। सन्तुलित र समावेशी विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तह तथा सार्वजनिक निजी सरकारी र सामुदायिक क्षेत्रबीच समन्वय र सहकार्यलाई स्वीकृत गर्दै नागरिक सेवाको पहुँचलाई सजिलो र छिटो बनाउन नागरिकएपलाई प्राथमिकतामा राखिएको छ। यसले तीनै तहका काम कारबाहीमा प्रभावकारिता ल्याउनेछ। मुलुकका पूर्वपश्चिम जोड्ने गरी निर्माण भएका प्रमुख तीन राजमार्गमध्येको हुलाकी सडक पहिलो महेन्द्र राजमार्ग, दोस्रो मध्य पहाडी लोकमार्ग र तेस्रो हुलाकी सडक पूर्वी  तराईदेखि पश्चिमी तराईसम्म निर्माण हुँदै गरेको होला कि राजमार्गलाई तराई मधेशको लाइफलाइन पनि भनिन्छ। यो सडक तराई मधेसका सबै जिल्लाहरूलाई जोड्ने मार्ग पनि हो। राष्ट्रिय गौरवका योजनाहरू मध्ये यो हुलाकी सडकले तराई मधेसका बस्तीमा यातायातको सहज पहुँच गरेको छ। आर्थिक वर्ष २०६५-६६ बाट भारत सरकारको पहलमा सुरु भएको यस होलाकी राजमार्ग निर्माण ढिलाई भइरहेको छ। समयमै

काम पूरा नभएपछि लागत र कम्पनी बढ्दै गइरहेको देखिन्छ। बजेटको अभावमा अहिले पनि सडक निर्माणदेखि पुल निर्माणको काम जुन गतिमा बढ्नुपर्ने हो त्यो हुन सकिरहेको छैन। सहरी क्षेत्रका सडक सीमा एवं मुआब्जा विवाद, कञ्चनपुर जिल्लामा शुक्लाफाँट निकुञ्ज क्षेत्रको रेखाङ्कनको समस्या, दुम्कीबास त्रिवेणी खण्ड काम गर्न विवाद र पर्याप्त बजेट विनियोजन नहुनुले पनि सडक निर्माणमा ढिलाई भएको हुन सक्छ। त्यसैले म सम्माननीय अध्यक्षज्यू मार्फत यस मधेस प्रदेशको लाइफलाइन होला कि सडक जहाँ बढीभन्दा बढी मानिस प्रभावित भइरहेका छन्। यस आर्थिक वर्षमा पर्याप्त बजेट छुट्याएर यस हुलाकी सडकको निर्माण पूरा गरियोस् भनेर ध्यानाकर्षण गराउन चाहन्छु। साथै यो मार्ग बनेपछि बालबालिकाहरुलाई विद्यालयसम्म पुग्न पनि सहज हुने र स्वास्थ्य उपचारका लागि कठिनाइ भोग्नुपर्ने अवस्थाको पनि अन्त्य हुन्छ। यसले गुणस्तरीय र जीवन उपयोगी शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाको अवधारणालाई पनि प्रभावकारी बनाउँछ। विनाशकारी डडेलो, आदी, तुफान, बाढी, पहिरो, डुबान, हिमपहिरो सुख जस्ता जलवायु जन्य विपदबाट उत्पन्न समस्याको रोकथाम उद्धार राहत र पुनर्स्थापनालाई सिद्धान्त र प्राथमिकतामा नराखे पनि जलवायु परिवर्तनले गर्दा हुने विपदबाट बच्न बजेट प्राथमिकताका साथ राखियोस् भनेर निवेदन गर्न चाहन्छु। र अन्त्यमा भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई स्थायी रुपमा समाधान गर्ने कुरा स्वागतयोग्य छ यसका साथै आदिवासी जनजाति, थारु, मुस्लिम,मधेसी अरु पिछडिएका वर्गहरूलाई समेटेर उहाँहरूको पनि समस्याहरु समाधान होस् र यसपालिको बजेटमा समावेशीको अवधारणा अनुसार उहाँहरुलाई पनि प्राथमिकता राखियोस् भनी म विनम्र अनुरोध गर्दछु। धन्यवाद।

(१४:११ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य बामदेव गौतम समय ५ मिनेट। यसपछि माननीय सदस्य मनरुपा शर्मा।

(१४:११ बजे) **माननीय श्री बामदेव गौतम (मनोनीत)** :- सम्माननीय अध्यक्ष महोदय, म यो नीति, कार्यक्रम र सिद्धान्त र प्राथमिकताका सम्बन्धमा छलफलमा भाग लिइरहेको बेलामा मैले ज्यादै नराम्रो नेपाली जनताको निम्ति नेपाल राष्ट्रको निम्ति सबैको घटना दुर्घटनाको छेउछाउमा हामी छौ भन्ने मलाई लाग्याछ। कति समयसम्म हामी यसरी छलफल गर्छौं त्यो थाहा छैन। तर जे हुनुपर्ने हो त्यो भएन भने अर्को चिज हुन्छ। यो सिद्धान्त हो। कसैले रोक्न सक्दैन। कसैले रोकेर रोकिएर भएपनि त्यस्तो अवस्था आयो भने त्यो दुर्घटनामा जान्छ। र

ज्यादै ठूलो नोक्सानी जनताले व्यहोर्नुपर्छ, राष्ट्रले व्यहोर्नुपर्छ। नेपालको संविधानमा नेपाल राज्यलाई चिनाउनको निम्ति समाजवाद उन्मुख राज्य निर्माण गर्ने भनेर भन्याछ। अनि त्यो समाजवाद उन्मुख आज सबै नेताहरूको मुखमा झुन्डया छ। तर समाजवाद बन्न सकेन। हामीले नेपालको संविधान १० वर्ष पहिले निर्माण गर्यौं, घोषणा गर्यौं, लागू गर्यौं र त्यसको मूल प्रस्तावनामा लेखिएको छ। कि हामी बहुदलीय लोकतान्त्रिक प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली सहितको समृद्ध समाजवाद निर्माण गर्ने अभिभारमा हामी छौं। कति समय ? त्यो निर्माणको निम्ति हामीले कति समय लगाउनुपर्ने? सय वर्ष, सय वर्ष कुर्नु पर्ने यदि यही साल भित्र हामीले त्यो काम गर्न सकेनौं समाजवाद निर्माण गर्न सकेनौं भने यहाँ अर्को आउँछ। किनकि हाम्रो जिम्मेवारी १० वर्ष पहिले हामीले किटान गर्यौं, तोक्यौ आजसम्म हामीले केही पनि गरेनौ त्यसो भएको हुनाले अब हुन्छ। अर्को चिज आज बाहिर जाँदाखेरि तपाईं गाउँमा जानुस्, बाटोमा जानुस्, कुनै चिया पसलमा जानुस्, अरू कुनै ठाउँमा जानुस्। चर्चा के हुन्छ? इमान्दारीसाथ भन्नुस्। हाम्रो विरुद्ध चर्चा छ। यो व्यवस्थाको विरुद्धमा चर्चा छ। त्यसले गति लिईराख्या छ। र त्यो गति एकदिन विस्फोट हुन्छ हामी सबै समाप्त हुन्छौ। त्यसो भएर मौका छ, केही समय नेताहरु हो यो संविधान ल्याउने। नेपालका कम्युनिष्ट पार्टी र नेपाली कांग्रेस नै हुन्। उनीहरु एकताबद्ध भएर समाजवाद घोषणा गर जुन समाजवाद परिकल्पना गरिएको थियो। संविधानमा उल्लेख गरिएको छ त्यही समाजवाद। त्यो समाजवाद त्यसैबेला निर्माण गर्न सुरु गरेको भए यी सबै हुने थिएनन्। अब हामीले ढिला नगरिकन त्यो काम सुरु गर्नुपर्छ। समाजवाद भनेर भनेको सामुहिक उत्पादन, सामूहिक स्वामित्व, सबै क्षेत्रमा उत्पादनमा त्यो कृषि उत्पादनमा, त्यो उद्योग औद्योगिक उत्पादनमा र निर्माणमा।यी सबै क्षेत्रमा देखिनुपर्दछ र १५ वर्ष उमेर पुगेकोदेखि लिएर ९० वर्षसम्मको काम गर्न सक्छु मैले भनेर भन्ने व्यक्तिले समेत काम गर्न पाउनुपर्छ ज्यालादारी काम। त्यसबाट बाँच्न पाउनुपर्छ। त्यस्तो व्यवस्थामा छ हामी सामेल भएनौ भने हामी समाप्त हुन्छौ, देश समाप्त हुन्छ र अरु कुनै आउँछ कसैले गर्छ र भविष्यका व्यक्तिहरुले जन्मने व्यक्तिहरुले, जन्मने व्यक्तिहरूले यदि यो बुझे, पढे, जाने भने हामीलाई सराप्ने छ। मरिसकेपछि पनि हाम्रो हेरविचार हुने छैन। त्यसो म आज यो सन्देश दिनको निम्ति म यहाँ उभिएको छु। मैले संविधान पनि ल्याएको छु। संविधानको गलत अर्थ लगाउँदै हिँडिएको छ र अरु धेरै विषय छ। मैले समाजवाद खाका तयार गरे चार वर्ष लगाएर लेखेको समाजवाद। कसैले पनि अध्ययन गरिदिनुभएन। हरेक माननीय, माननीयलाई पिजनहलमा राखिदिएको छु। तर पढ्नु भएन, भन्नु भएन, ल्याउनु भएन मेरो आलोचना हुनुपर्छ, मेरो समर्थन हुनुपर्छ। मैले गल्ती गरेको छु भने गलत लेखेको छु भने आलोचना हुनुपर्छ । तर देश समाजवादबाट मात्रै

अगाडि जान सक्छ र ढिला भयो ढिला अझ ढिला भयो भने हामी सदाको निम्ति समाप्त हुन्छौं। धन्यवाद।

(१४:१६ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य मनरुपा शर्मा समय ६ मिनेट। यसपछि माननीय सदस्य जित जंग बस्नेत।

(१४:१७ बजे) **माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयक सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गरिरहेका छौं। यसलाई म समर्थन गर्न सक्दिन, सुरुमा म भन्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय युवाहरूलाई खोजमूलक, सिपमूलक, अनुसन्धानमूलक कार्यहरूमा स्पष्ट नीति लिन सकेको छैन। वैदेशिक रोजगारबाट फर्केका करिब ४३ लाख रिटर्निङका ज्ञानसिप, ऊर्जालाई उद्यमशीलतामा लगाई राष्ट्र निर्माणमा उनीहरुलाई सहभागी गराउने नीति छैन। नीतिबाटै नै हटाइएको छ। बजेटमा व्यवस्था गरियोस् प्रवासी नेपालीहरूका बारेमा नीति कार्यक्रम छैन। पिछडिएको वर्ग समुदाय र सीमान्तकृत वर्गका लागि स्वास्थ्य सेवा दिन प्राथमिकताबारे सरकार मौन देखिएको छ। कृषि क्षेत्रलाई प्राथमिकतामा दिनुपर्नेमा सरकारले आफ्नै देशमा उत्पादन गर्ने सकिने वस्तुलाई समेत आयात गर्ने बाध्यतालाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर स्पष्ट पार्न सकिरहेको छैन। सम्माननीय अध्यक्ष महोदय, देशभित्र रोजगार सिर्जना गर्ने क्षेत्र पर्यटक, कृषि, ऊर्जा लगायत क्षेत्रमा नागरिकलाई आकर्षण गर्ने प्राथमिकता दिन सरकार मौन रहेको देखिन्छ। सूचना र प्रविधिको वर्तमान युगमा सार्वजनिक क्षेत्रमा त्यसको प्रयोग र विस्तार गर्ने कुरामा स्पष्ट योजनाको अभाव रहेको देखिन्छ। देशको समग्र विकासमा मानव पूँजीको महत्वपूर्ण भूमिका रहन्छ। आर्थिक वृद्धि, गरिबी न्यूनीकरणका बारेमा मानव पूँजीलाई कसरी उपभोग गर्नबारे नीति प्राथमिकतामा आउन सकेन। वैदेशिक रोजगारका नाममा हजारौं युवाहरू दैनिक विदेश पलायन भइरहेको वर्तमान कहालीलाग्दो अवस्थालाई कसरी रोक्न भन्ने बारे प्राथमिकता आउन सकेन। सम्माननीय अध्यक्ष महोदय, भर्खर मात्र शिक्षकहरू आन्दोलनबाट घर फर्किरहेका छन्। विद्यालय शिक्षा सुधार गर्ने स्पष्ट नीति छाडेर निजी स्कुल सामुदायिक विद्यालयको गुणस्तर उसका आफ्नै लाजमर्दो नीति ल्याइएकोमा दुःख व्यक्त गर्दछु। नीति कुरा उल्लेख छ सरकारको सार्वजनिक शिक्षामा आफ्नो पहुँच प्रभाव कमजोर देखिएको छ र प्राथमिकता दिएको छैन। बुँदा नम्बर १८ मा गुणस्तरीय जीवन उपयोगी शिक्षामा पाठ्यक्रम वैज्ञानिक र उत्पादनमूलक भएन। सधैं पाठ्यक्रम सुधार गर्ने भनिन्छ तर सुधारमा काम चलाउ

मात्रै भयो। शिक्षामा राज्य नाफाको खेलमा छ शिक्षामा काम चलाउ मात्रै भयो शिक्षामा राज्य नाफाको खेलमा छ। शिक्षामा किन सबैलाई टिकाउन सकिएन? किन यसमा सरकार को प्राथमिकता परेको छैन? सुशासनको समृद्धि र सामाजिक न्यायको बारे रङ्गरोगन लगाएको छ। चुपचाप छ पठन्तमा परेन। स्वास्थ्य उपचार त पहुँचभन्दा बाहिर छ। दुर्गममा कसरी उपचार हुन्छ? यसमा सरकारको कुनै खाका नै आएन। जब खाका नै आउँदैन तब सरकार कसरी बजेट विनियोजन हुन्छ? आर्थिक सुधार कानुन संस्थागत र प्रक्रियागत सुधार गरिनेछ भनिन्छ तर यस्तो कार्यक्रम भनिएको छैन। तर यो विनियोजन नीति तथा कार्यक्रम सिद्धान्त र प्राथमिकतामा जुन बहस गरिरहेका छौं। तर पनि कतिलाई मुटुमाथि ढुङ्गा राखी हाँस्नु परेको छ। बाध्यताले पास गर्न परेको छ र कतिलाई फेरि एउटा हामीलाई लागिरहेको छ नेपाली जनतालाई प्रत्यक्ष लाभ हुने कुराहरू र कृषिलाई आत्मनिर्भर नेपाल बनाउनको निम्ति पनि त्यति खाका आइरहेको देखिएको छैन। त्यसकारण म यसलाई संमर्थन गर्न सक्दिन र बेलैमा बुढाबुढीको उखान छ। बेलैमा सोच्न पर्ने दाँत छन्जेल दाँतको महत्व बुझ्नुपर्छ। दाँत झरिसके पछाडि यो दाँतको महत्व बुझेर के काम हुन्छ र। त्यस्तै झै जनताप्रति प्रत्यक्ष लाभ हुने योजना नीति कार्यक्रम र प्राथमिकता दिईयोस् भन्दै मेरो विषय राख्छु। धन्यवाद। अभिवादन।

(१४:२३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जीत जंग बस्नेत समय ६ मिनेट। यसपछि माननीय सदस्य उदयबहादुर बोहरा।

(१४:२३ बजे) <u>माननीय श्री जित जंग बस्नेत (नेपाली काङ्ग्रेस)</u> :- सम्माननीय अध्यक्ष महोदय, आफूले बोल्यो सबै कुरा ठिक, आफै सत्य अरु सबै असत्य, आफै राम्रो अरु सबै नराम्रो, आफै धर्मात्मा अरु सबै पापी भन्ने सरकार हुँदाखेरि एउटा कुरा गर्ने सरकार बाहिर जाना साथै फेरि झुटको कुरा गर्ने। म यो यस प्रसङ्गमा जोड्न चाहन्छु। जहाँसम्म राजनीतिक सामाजिकको कुरा छ विशेष समय लिएर बोल्ने नै छु। जहाँसम्म अध्यक्ष महोदय नेपालमा केही परिवर्तन गर्नुपर्छ अब हामी संविधान संशोधनका कुराहरू पनि आइरहेको छ। सबै तहका संरचनाहरू, स्थानीय निकायदेखि संघीय संरचना पनि घटाउनुपर्छ। यो मैले धेरै अगाडिदेखि भन्दै आएको हो। हाम्रो वडा तहमा पनि पाँच जना वडा सदस्य काम छैन। तीन जना भए पुग्छ दलित महिला र एकजना ३ जना भए पुग्छ। प्रदेशमा पनि संरचना घटाउनु पर्यो। पाँच जना मन्त्री भए पुग्छ। संघीय संरचनामा पनि संघीय सांसदमा पनि डाइरेक्ट जो पार्लियामेन्ट मेम्बरहरू छन्, प्रतिनिधि सभामा बस्छन्। जो समानुपातिकवाला छ राष्ट्रिय सभामा बस्नुपर्यो। त्यसको पनि

संरचना घटाउनु पर्यो। भत्ताको कुरा आउँछ भने अहिले जनताहरु भत्ता सांसदहरूले भत्ताको कुरा लिईरहेको छ। तल देखि माथिसम्म भत्ता घटाउनु पर्छ नत्र भत्ता पनि खारेज गर्नुपर्यो। र नेपाली कांग्रेसको स्टयान्डको कुरा गर्नुहुन्छ भने हामी संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमा हामी विश्वास गर्छौं। हामी मल्टी पार्टी डेमोक्रेसीमा विश्वास गर्छौं। र हाम्रो स्टयान्ड भनेको यो मल्टी पार्टी डेमोक्रेसी हो। अब यसमा संरचना के कति घटाउन सकिन्छ त्यस घटाएर अझ सुधार उन्मुख अगाडि बढौं भन्ने मलाई लाग्छ जहाँसम्म नीति र सिद्धान्तका कुरा छन् आर्थिक वर्षको सिद्धान्तको प्राथमिकता कुरा छन्। अध्यक्ष महोदय, मैले लिखित रुपमा पनि लिखित रुपमै ल्याएको छु। नेपाल सरकारद्वारा प्रस्तुत आर्थिक वर्ष ८२/८३ को लागि सिद्धान्त र प्राथमिकताको लागि छलफलमा हामी छौं। नेपालको संघीय संरचना कार्यान्वयनपछि राजनीतिक स्थायित्व लोकतान्त्रिक संस्थाहरूको सबलीकरण सामाजिक न्यायतर्फ महत्वपूर्ण उपलब्धि हासिल गरेका छौं। अझ द्रुत समावेशी र दिगो विकासको बाटो समात्न आवश्यक पनि छ। आगामी आर्थिक वर्षको सिद्धान्त पार्टीमा केही प्रमुख आधारहरू तय भएका छन्। संविधानले दिएको मौलिक हक र सिद्धान्त निर्देशक सिद्धान्तपूर्ण कार्यान्वयन गर्ने। समृद्ध नेपाल सुखी नेपाल हाम्रो राष्ट्रिय आकांक्षालाई केन्द्रबिन्दु बनाउने उद्यमशीलता, उत्पादन, रोजगारी सिर्जना जोड दिने। संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य समन्वयन गर्ने। आर्थिक सुधार सामाजिक सुधार र सुशासन प्रवर्धन गर्ने। कृषि ऊर्जा पर्यटन शिक्षा स्वास्थ्य जस्ता क्षेत्रमा पूर्वाधार विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने। डिजिटल नेपाल निर्माण गर्दै सूचना प्रविधिको प्रभावकारी उपयोग गर्ने। मानव पूँजी विकास मार्फत युवा शक्ति र जनसाँख्यीक लाभलाई उत्पादनशील बनाउने सामाजिक समावेशिता र न्याय सुनिश्चित गर्ने। पिछाडि परेका समुदायलाई सशक्त बनाउने। भौतिक पूर्वाधार आवास खानेपानी सरसफाई विपद व्यवस्थापनलाई विशेष ध्यान दिने। अध्यक्ष महोदय प्रमुख सिद्धान्त र प्राथमिकताहरु मैले २६ भागमा बाँडेको छु। १. मौलिक अधिकार र निर्देशित सिद्धान्तको कार्यान्वयन। संविधानले तोकेको मौलिक, सामाजिक, आर्थिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने। २. समृद्ध नेपाल सुखी नेपाल अभियान उद्यमशील उत्पादन सिर्जना र समावेशी विकासमा जोड दिने। ३. संघ प्रदेश स्थानीय सरकारबीच समन्वय गर्ने तीन तहका सरकार र निजी सहकारी सामाजिक क्षेत्रमा सहकार्य सुदृढ गर्ने। ४.राष्ट्रिय परिचालन वित्तीय अनुशासन पारदर्शिता र दक्षता सार्वजनिक स्रोतको न्यूनतम दुरुपयोगको सुनिश्चितता गर्ने। ५. व्यवसायिक क्षेत्रको प्रवर्धन व्यवसाय मैत्री वातावरण बनाएर कानुन र प्रशासनिक सुधार गर्ने। ६. सामाजिक सुरक्षा प्रणाली सुदृढीकरण लक्षित समूहलाई सामाजिक सुरक्षा कार्यक्रम विस्तार र सुधार गर्ने। ७. नागरिक सेवा र प्रवाह, सुशासन प्रवर्द्धन, सेवा प्रशासन सुधार गर्दै भ्रष्टाचार न्युनिकरणमा जोड दिने। ८. रोजगार सिर्जना विदेशमा निर्भरता

घटाउँदै स्वदेशमा स्वरोजगार उद्देश्य प्रवर्धन गर्ने। ९. आर्थिक सुधार लगानी आकर्षित गर्ने कानुनी संस्थागत प्रक्रिया सुधार गर्ने। १०. कृषि क्षेत्रको व्यवसायीकरण, कृषि यान्त्रिकरण उत्पादन उत्पादकत्व वृद्धि र तथा बजार व्यवस्थापन जोड दिने। ११. ऊर्जा विकास जलविद्युत नवीकरण उर्जाको प्रवर्धन अन्तर्देशीय व्यापार प्रवर्धन गर्ने। १२. पर्यटन पूर्वाधार विकास सांस्कृतिक धार्मिक पर्यटन प्रवर्धन गरी पूर्वाधार निर्माण गर्ने। १३. औद्योगिक विकास स्टार्टअप व्यवसायलाई प्रोत्साहन र औद्योगिक पूर्वाधार सुदृढ गर्ने। १४. डिजिटल पूर्वाधार विस्तार नेपाललाई डिजिटल अर्थतन्त्र उन्मुख गर्ने। १५. शिक्षा क्षेत्र सुधार गुणस्तरीय जीवनयोगी शिक्षा प्रदान गर्ने। १६. स्वास्थ्य सेवा सुधार आधारभूत स्वास्थ्य सेवा स्वास्थ्य विमा पहुँच विस्तार गर्ने। १७. मानव पूँजी विकास सीपयुक्त जनशक्ति विकास जनसाङ्ख्यीक लाभको उपयोग गर्ने।१८. सामाजिक समावेशी विकास प्रवर्धन पछाडि पारिएका समुहहरूको सशक्तिकरणमा जोड दिने। १९. भौतिक पूर्वाधार र आवास विकास राष्ट्रिय गौरवका आयोजना पूरा गर्न प्राथमिकता दिने। २०. खानेपानी र सरसफाई सुरक्षित खानेपानी र स्वास्थ्य सेवा पहुँच र सुदृढ गर्ने। २१. प्राकृतिक विपद् न्युनीकरण जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने। २२. वित्तीय क्षेत्र शुद्धिकरण, बैंक वित्तीय संस्थाको शुद्धिकरण वित्तीय पहुँच विस्तार गर्ने। २३. संघीय वित्तीय व्यवस्थापन सङ्घ, प्रदेश स्थानीय तहबीच वित्तीय हस्तान्तरण व्यवस्थापन गर्ने। २४. राष्ट्रिय प्रणाली सुधार, करको आधार फरक पर्ने कर प्रशासन पारदर्शिता बनाउने। २५. राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय समुद्र सुरक्षा संस्थाहरूको शुद्धिकरण सन्तुलन कुटनीतिक सम्बन्ध विकास गर्ने। २६. कानुनी शासन, सुशासन प्रवर्द्धन, विधिको शासन मानव अधिकारप्रति सामाजिक प्रशासन सुधार गर्ने साथसाथै वित्तीय प्रशासन राजस्व सुधार र संघीय वित्तीय समन्वय ( .... समय सकिएको।)

(१४:२५ बजे) **पिठासीनः-** माननीय उपाध्यक्ष श्री विमला घिमिरे।

(१४:२९ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य उदय बहादुर बोहरा समय ५ मिनेट त्यसपछाडि माननीय सदस्य कृष्ण प्रसाद पौडेल।

(१४:२९ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक २०८२ को सिद्धान्त र प्राथमिकतामा हामी छलफल गर्न गइरहेका छौं। र यो विधेयकमा धेरै कुराहरू आएका छन्। यसले धेरै

कुराहरू समेटेर ल्याएको छ। यसमा विरोधै गरिहाल्नुपर्ने केही त्यस्तो त मैले देख्दिन तर पनि केही चिजहरु यसमा नसमेटिएका चिजहरू धेरै छन्। म सर्वप्रथम के अनुरोध गर्न चाहन्छु भने सम्माननीय अध्यक्षज्यू, माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूले नीति तथा कार्यक्रममा छलफल गरिरहँदा एउटा प्रतिबद्धता जाहेर गर्नुभएको थियो। कि आगामी सिद्धान्त तथा यो प्राथमिकरणका विषयवस्तुहरुलाई दिएका सुझावहरुलाई पनि समेटेर आउनेछ भन्ने उहाँले एउटा प्रतिबद्धता जाहेर गर्नुभएको थियो। तर सरसर्ती हेर्दा त्यो प्रतिबद्धता उहाँले जाहेर गर्नुभन्दा पहिला यो सिद्धान्त र प्राथमिकताको विधेयक तयार भइसक्यारहेछ। यहाँ सुझावहरू समेटिएका कुराहरु मैले फेला पार्न सकिन। त म के अनुरोध गर्न चाहन्छु भने यो मैले वर्तमान सरकारलाई मात्र होइन। म हिजोका सरकारहरु, हिजोका प्रतिपक्ष सत्तापक्ष र अहिलेका म सम्मानीत नेता सबैलाई म के अनुरोध गर्न चाहन्छु भने संसदमा सबै पक्षबाट राष्ट्रहितका लागि उठेका सुझावहरु सरकारले ग्रहण गरेको देखिँदैन। ग्रहण त के कमा र फुलस्टपसम्म पनि कतैतिर त्यो परिवर्तन भएको पाइन्न। त्यसो भएको हुनाले यतिबेला यदि यो सबैजना ग्रहण नगरेर बहुमतकै लाठी चलाएर कार्यक्रम नीति बजेटहरु पास गर्ने यदि हो भने मलाई के लाग्छ भने सम्माननीय अध्यक्ष महोदय, यति लामो यति लामो संसदमा निरर्थक छलफल गर्नुको कुनै औचित्य होला जस्तो मलाई लाग्दैन नम्बर एक। र दोस्रो समयको बर्बाद स्रोतको बर्बाद, साधनको बर्बाद किन गर्नु पऱ्यो। बहुमतले ताली पिट्यो पास गर्दियो सकियो। त्यसो भएको हुनाले यदि लोकतान्त्रिक प्रक्रिया पद्धतिलाई अवलम्बन गर्दै हामीले जाने हो भने हामीले एउटा सिस्टम सुधार गरेर जान अनिवार्य मैले देख्छु। त्यसो भएको हुनाले यदि हामीले यो लोकतान्त्रिक प्रक्रियालाई हामीले यो विधि र प्रक्रियालाई कुन अवस्थामा कसरी हामी हिजो देखि थालनी गऱ्यौं र यसको अन्त्य कसरी हुँदैछ। त्यसो भएको हुनाले यसले असाध्यै दर्दनाक चिजहरु हाम्रो अगाडि निम्त्याइरहेको छ। त्यसो भएको हुनाले यसलाई हामीले गम्भीरतापूर्वक लिन जरुरी छ नम्बर एक। दोस्रो कुरो यो वर्तमान यो पद्धति र प्रक्रियाबाट यो प्रणालीबाट हामी अब यो सुखी नेपाली समृद्ध नेपालको कल्पना धेरै नगरौं जस्तो लाग्छ मलाई। अब हामी परिवर्तन गरेर जानुपर्छ। प्रणालीमा सुधार गर्नुपर्छ अनि हामीले गर्नुपर्ने शासकीय स्वरुपहरूमा परिवर्तन गरेर जानुपर्छ। हाम्रा आनीबानीमा परिवर्तन गरेर जानुपर्छ। त्यसो भएको हुनाले यो परिवर्तन नगर्दासम्म अब हुँदैन। सरकारले संविधान संशोधनका कुराहरु ल्याएको छ। यो चिजलाई हामीले गम्भीर रुपले लिन जरुरी छ भन्ने मलाई लाग्छ। त्यसो भएको हुनाले अब हामीले यो धेरै दिन धेरै समयसम्म यो पर्खिराखु यो निरर्थक हुनेछ। त्यसो भएको हुनाले हामीले धेरै चिजहरु यहाँ आएका छन् जस्तै विद्युत उत्पादनका कुराहरु आइरहेका छन्। यो विश्वसनीय वितरणका कुराहरू आइराख्या छन् तर यसमा एउटा चिज छ। एक महिना अघि पूर्ण नाफामा गएको विद्युत प्राधिकरण एक महिनापछि

५ अर्ब घाटा देखाउँदै स्वेतपत्र जारी हुन्छ। र यति छोटो अन्तरालमा यो असाधारण घाटा कहाँबाट आयो? सरकार गम्भीर भएर यस्ता नीतिको सिद्धान्त र प्राथमिकतामा यसलाई ल्याउनु पर्थ्यो कि पर्दैन थियो। यसमा सन्देह गर्नुपर्ने जरुरी छ, यसमा सन्देह छ तपाईंको रहस्य छ। त्यसो भएको हुनाले यो भ्रष्टाचार जुन मौलाएको छ यो भ्रष्टाचारको अन्त्य नगर्दासम्म हामी हामी हामी कहीं पनि पुग्न सक्दैनौं हामीले यो सुशासनको परिकल्पना हामीले विधेयकमा गरेर हुँदैन। त्यसो भएको हुनाले यतातिर सरकारको ध्यान जाओस् हामी सबैको ध्यान जाओस्। प्रतिपक्षको ध्यान जाओस्। धन्यवाद।

(१४:३४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य कृष्ण प्रसाद पौडेल समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य घनश्याम रिजाल।

(१४:३५ बजे) **माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, २०८२ को सिद्धान्त र प्रायोरिटीको बारेमा म आफ्ना केही विचारहरु यस गरिमामय सदनमा राख्न चाहन्छु। लोककल्याणकारी राज्यको अवधारणा अनुरुप समावेशी विकास र सामाजिक न्यायका लागि नेपालको संविधानमा उल्लेखित मौलिक हक र निर्देशक सिद्धान्तलाई कार्यान्वयनमा ल्याउन जोड दिएको छ। र मुलुकको आत्मनिर्भर अर्थतन्त्रका लागि एउटा इन्डस्ट्रियल एट्मोस्फेयर बनाएर निजी क्षेत्रलाई थप प्रोत्साहन गर्ने पनि यसमा प्राइरिटीमा राखिएको छ। तिनै तहका सरकार र सार्वजनिक निजी सहकारी सामुदायिक क्षेत्रबीचको समन्वय र सहकार्यलाई थप सुदृढ र दर्बिलो बनाउने भनिएको छ। पूर्व तयारी र लगानी ढाँचा तय भएका र उच्च प्रतिफल दिने आयोजनाहरूलाई मात्रै बजेट विनियोजन गर्ने भनिएको छ। र राष्ट्रसेवकको मनोबल उच्च बनाउँदै सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त स्फुर्त बनाएर आम नागरिकको विश्वास र भरोसा आर्जन गर्ने पनि यसमा उल्लेख भएको छ। त्यस्तै यसको प्रायोरिटीमा सबभन्दा प्रमुख गरिबीको रेखामुनि रहेका नागरिकलाई गरिबीको दुश्चक्रबाट बाहिर निकाल्नको लागि बजारको मागअनुसार सिपयुक्त, योग्य, दक्ष सृजनशील जनशक्तिको उत्पादन गरी रोजगारी सिर्जना गर्ने स्वरोजगारलाई प्रवर्द्धन गर्न भनिएको छ। अर्थतन्त्रलाई गतिशील र समय सापेक्ष बनाउनको लागि निजी क्षेत्रलाई रोजगारी सिर्जना गर्ने उत्पादन गर्ने उत्पादकत्व वृद्धि गर्ने र त्यसको लागि आवश्यक कानुन संस्थागत संरचनागत र प्रक्रियागत सुधार गर्ने भनिएको छ। त्यस्तै यो विनियोजन विद्येयकमा  कृषि नेपालको अर्थतन्त्रको मुटु हो मेरुदण्ड

हो। एटलिस्ट हामीले  वर्तमान अवस्थामा करिब ६ खरब जतिको खाद्यान्न आयात गर्नुपर्ने परिस्थितिमा कृषि क्षेत्रको विकास गरेर यसलाई आधुनिक, वैज्ञानिक, यान्त्रीकरण सबै चिज गरेर यसलाई अलिकति स्पेसिफिक रूपमा  एटलिस्ट हामी  खाद्यान्नमा आत्मनिर्भर बन्न सक्ने हाम्रो नीतिमा उल्लेख छ। त्यस्तै हिउँदको समयमा पनि विद्युत आपूर्ति कमी हुन नदिन जलाशययुक्त आयोजनालाई प्रायोरिटीमा राखिएको छ। जलविद्युतको उत्पादन प्रसारण गर्नको लागि निजी पूँजी समेतको परिचालन गर्ने भनिएको छ। पर्यटन उद्योगसँग सम्बन्धित पूर्वाधारहरूको विकास गरी एउटा गुणस्तरीय पर्यटकहरूको संख्या वृद्धि गर्ने र उनीहरूको नेपालको बसाइ  लम्ब्याउने नीति अवलम्बन गरिएको छ। त्यस्तै  खानेपानी सरसफाई युवा महिला बालबालिका आदि सबैलाई एउटा उच्च सम्मानकासाथ उनीहरूको जीवनयापनका कार्यक्रमहरु यस नीति तथा कार्यक्रममा आएका छन्। यो विनियोजन विधेयकमा आएको छ। त्यसकारणले सम्माननीय अध्यक्षज्यू विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्रायोरिटी वर्तमान सन्दर्भमा व्यवहारिक समय सापेक्ष यथार्थपरक प्रयोग भएको हुँदा यसलाई म र मेरो पार्टीको तर्फबाट समर्थन गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू आगामी बजेटका सन्दर्भमा म माननीय अर्थमन्त्रीज्यूलाई मेरो तर्फबाट केही सुझावहरु राख्न चाहन्छु।

देशको अर्थतन्त्र गतिशील नभएको अवस्थामा विश्वका कतिपय देशहरूले पूँजीगत खर्च वृद्धि गरी मुलुकको अर्थतन्त्रलाई थप गतिशील र चलायमान बनाएको यथार्थलाई मध्यनजर राख्दै नेपालको अर्थतन्त्रमा देखापरेका वर्तमान चुनौतीहरु न्यून लगानी, न्यून रोजगार, निरन्तरको न्यून आर्थिक वृद्धि, न्यून उत्पादन तथा उत्पादकत्व बढ्दो उत्पादन लागत, कमजोर प्रतिस्पर्धि क्षमता उपभोगमुखी आयात, न्यून निर्यात, उच्च व्यापार घाटा जस्ता चुनौतीहरूको चिरफार गर्दै पूँजीगत खर्च वृद्धि गरी रोजगारीको सिर्जना हुने उत्पादनमूलक क्षेत्रका अतिरिक्त गुणस्तरीय पूर्वाधार विकासमा लगानी बढाउँदा मुलुकको अर्थतन्त्र गतिशील बनाउन सकिन्छ। अत्यन्त न्यून पूँजीगत खर्च हुने गरेका गरेको वर्तमान सन्दर्भमा यसका कारणहरू सूक्ष्म अध्ययन गरी तत्कालै आवश्यक कानुनहरूको निर्माण गर्नु र परियोजना कानुनको निर्माण गर्ने परिमार्जन गर्ने अतिरिक्त आवश्यकता अनुसार संरचनागत नीतिगत संस्थागत र प्रक्रियागत सुधार गर्न म आग्रह गर्छु। म के निवेदन गर्न चाहन्छु भने संसारका धेरै देशहरुले अर्थतन्त्रमा मन्दी आएको अवस्थामा आफ्नो जीडीपीको धेरै पर्सेन्ट पूँजीगत खर्च बढाएर देशमा उत्पादन वृद्धि गर्ने रोजगार सिर्जना गर्ने र बजारमा  नि आर्थिक गतिविधि बढाउने गरेको देखिन्छ। यसको लागि मूल कुरा के हुन्छ भने हाम्रो जिडीपी करिब करिब ६० खरब जतिको होला। र हाम्रो  पूँजीगत खर्च जम्मा थोरै छ। तीन खरब जति हुन्छ त्यसकारणले डेमोक्रेसीको गहना भनेको पारदर्शिता हो, सुशासन हो,

जवाफदेहिता हो। यी तीनटा कुरालाई मेन्टेन गरेर पूँजीगत खर्च बढाउनुको विकल्प छैन भन्ने मलाई लागेको छ, त्यो म अनुरोध गर्न चाहन्छु। त्यस्तै नेपालको अर्थतन्त्रमा औपचारिक क्षेत्रको अंश करिब ४०% भन्दा बढी रहेको र अनौपचारिक क्षेत्रमा काम गर्ने दिदीबहिनी तथा दाजुभाईहरु सामाजिक सुरक्षासँगबाट समेत वञ्चित भएको सन्दर्भमा हाम्रो देशको इन्फर्मल इकोनोमीलाई फर्मलमा कन्भर्ट गरेर आदरणीय दाजुभाई दिदीबहिनीहरु जहाँ काम गर्नुहुन्छ उनीहरुलाई सोशल सेक्युरिटी फण्डमा सामेल गर्नको लागि पनि म अर्थमन्त्रीज्यूलाई विनम्रताकासाथ अनुरोध गर्दछु। त्यस्तै म सम्माननीय अध्यक्षज्यू मार्फत माननीय शिक्षा मन्त्रीज्यूलाई पनि के अनुरोध गर्न चाहन्छु। आर्थिक वर्षको करिब नौ महिनामा उच्च शिक्षा अध्ययनका लागि  एक खरब ३ अरब ८४ करोड नगद मात्र विदेशीएको होइन। नेपालको अब्बल विद्यार्थीहरु पनि विदेशीका छन्। त्यसकारणले नेपालको शिक्षा नीति र पाठ्यक्रममा यथासिघ्र परिवर्तन गरी युवाहरुले रोजेको खोजेको चाहेको विषय अध्ययन गर्ने वातावरण निर्माणका लागि म हार्दिक अनुरोध गर्दछु र अन्त्यमा नेपाल शिक्षक महासंघ र नेपाल सरकारबिच मा शिक्षा ऐन लगायतका विषयमा भएको सहमति तोकिएको समय सीमा भित्रै हुबहु कुरा गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।जयनेपाल।

(१४:४२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य घनश्याम रिजाल समय ४ मिनेट। त्यसपछाडि माननीय सदस्य युवराज शर्मा।

(१४:४३ बजे) <u>**माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी सरकारले प्रस्तुत गरेको विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकतामाथि छलफल गरिरहेका छौं। गत वर्ष झण्डै ३ महिना नीति कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल पश्चात संसदले सरकारलाई बजेट ल्याउन दिशा निर्देश गरेको थियो। तर यो वर्ष छलफलको समय त करिब ३ हप्तामा सीमित गरियो नै माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूले विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकतालाई सदनमा वाचन गर्न समेत रुचि राख्नुभएन। अध्यक्ष महोदय, हाम्रो संविधानका चारवटा पिलरहरू संघीयता, धर्मनिरपेक्षता, गणतन्त्र, समावेशीकरण हुन्। सरकारको सिद्धान्त र प्राथमिकता यी तिनै चार पिल्लरहरु बलियो बनाउने गरी निर्धारण गर्नुपर्ने हो। तर नीति तथा कार्यक्रम माथिको छलफलमा यो सदनमा म लगायत सबै जसो माननीय सदस्यज्यूहरुले संघीयता र समावेशीका बारेमा प्रश्न उठाउनु भएको थियो र सुझाव राख्नुभएको

पनि थियो। सांसदहरूले उठाएको विषयमा प्रधानमन्त्रीज्यूले प्रयोग गर्नुभएको भाषाको भाषा र जवाफ त चित्त बुझ्दो थिएन नै पेश गरेको सिद्धान्त र प्राथमिकतामा कुनै सुझाव समेतमा आवश्यक ठानेको देखेन त्यसैले यो सरकार सदनप्रति इमान्दार छैन भन्ने प्रमाणित भएको छ। अध्यक्ष महोदय दुई ठूला दलहरुले झन्डै दुई तिहाईको बलियो भनिएको सरकार चलाइरहेकै बेला प्रतिगामी र यथास्थितिवादीहरुले सडकबाट व्यवस्था र संविधानमाथि नै धावा बोलिरहेको वर्तमान अवस्थामा सरकारले निर्धारण गरेको सिद्धान्त र प्राथमिकताले त्यस्ता तत्वहरुलाई निरुत्साहित पार्न सक्नुपर्दथ्यो। यो विषयमा सरकार चुकेको मात्र होइन बरु उल्टै हाम्रो संविधानको धारा २४ र ४० ले मौलिक हक समेतको ग्यारेन्टी गरेर छुवाछुत भेदभाव र उत्पीडनको अन्त्य गरी सामाजिक सांस्कृतिक रूपान्तरण सहित चौतर्फी विकास र उत्थानको ग्यारेन्टी गरेको दलित समुदाय लगायत महिला, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम समुदाय कर्णाली, मधेसलाई समेत उपेक्षा गरेर गरिबीको रेखामुनि रहेका झण्डै २०% जनतालाई निराशा थपिदिएको छ। विनियोजन विधेयक २०८२ का प्राथमिकता र सिद्धान्तले केही सपना देखाउन खोजिएको भए पनि वर्तमान समस्या समाधानलाई प्राथमिकतामा नराख्दा सरकार पक्षकै माननीय सदस्यज्यूहरुले पनि कार्यान्वनमा शंका व्यक्त गरिरहनुभएको छ। अध्यक्ष महोदय अहिलेको समस्या अर्थतन्त्रलाई चलायमान बनाएर गति दिने हो। यसका लागि बजारमा वस्तुको माग बढाउनुपर्दछ। निर्माण क्षेत्रमा समस्या समाधान गरिनुपर्दछ। बैंकमा निक्षेप थुप्रिएको छ। व्यवसायीले ऋण दिएर लगानी गर्ने वातावरण बनाउनुपर्दछ। अन्यथा पूँजी पलायनको समस्या आउन सक्दछ। ऋण र वस्तुको माग बढाउने पूँजी लगायतको समस्या आउन सक्दछ।निर्माण क्षेत्रको समस्याको हल गर्ने र डरलाग्दो हिसाबले बढ्दै गएको वैदेशिक ऋणको विषय साथै उत्पादन क्षेत्रमा लगानी गर्ने र पूँजीगत खर्च बढाउने विषय सरकारको प्राथमिकतामा परेको देखिँदैन कृषिको यान्त्रीकरण र व्यवसायीकरणको कुरा आएको छ तर झन्डै १० लाख ३० हजार हेक्टर खेतीयोग्य बाझो जमिन र बाँझो जमिन त खण्डीकृत जमिनको चक्लाबन्दीमा सरकारको प्राथमिकतामा परेको छैन। अध्यक्ष महोदय, खेलकुद क्षेत्रलाई पूर्ण रुपमा उपेक्षा गरिएको छ। स्तरीय खेलमैदान अभावका कारण नेपालमा हुने अन्तर्राष्ट्रिय स्तरका फुटबल र क्रिकेट गेमहरू आयोजना गर्न नसकेको तीतो यथार्थ हुँदाहुँदै खेल क्षेत्र सरकारको प्राथमिकतामा परेन। अध्यक्ष महोदय, सिद्धान्त र प्राथमिकतामा वित्तीय हस्तान्तरणलाई समन्वयिक बनाइने भनिएको छ। विडम्बना अहिले नै सरकारले प्रदेश र स्थानीय सरकारलाई दिने वित्तीय समानीकरण अनुदान कटौती गरेको छ। वित्तीय क्षेत्रको सुधारलाई प्राथमिकतामा राखिएको छ तर कानुन अनुसार गभर्नर नियुक्ति नगरेर सरकारले केन्द्रीय बैंकलाई एक महिनादेखि नेतृत्वविहीन मात्र बनाएको छैन। अन्तर्राष्ट्रिय क्षेत्रमा बदनामी कमाएको छ। राजनीतिक

भागबण्डाको नाममा गभर्नर नियुक्ति यस्तो संवेदनशील विषयलाई ढिलाई गर्ने सरकारले वित्तीय क्षेत्रमा सुधार गर्ने आधार देखिदैन। कानुनी शासन र सुशासन तथा मानव अधिकार प्रवर्धनलाई प्राथमिकतामा राखिएको भएपनि वर्तमान सरकार स्वेच्छतारितातर्फ गएको उन्मुख रहेको भन्दै पूर्व न्यायाधीशहरूको फोरमले नै विज्ञप्ति निकाल्नु परेको तितो यथार्थ हामी सामु छ। तसर्थ सारमा भन्दा निकै लामो सूचि रहेको सिद्धान्त र प्राथमिकतामा औसत रहेको भएपनि सरकारले यसको कार्यान्वयन गर्ने विषयमा विश्वस्त हुन सकिँदैन भन्दै सदन (..... समय सकिएको।)

(१४:४७ बजे) **सम्माननीय अध्यक्ष**:-माननीय सदस्य युवराज शर्मा समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य दुर्गा गुरुङ।

(१४:४७ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय म आफ्ना निजी विचार वा दलको सिद्धान्त वा विचारभन्दा प्रस्तुत सिद्धान्त प्राथमिकतामा केन्द्रित हुन चाहन्छु। कोभिड १९ को महामारी र रुस युक्रेन युद्ध बढ्दो व्यापार घाटा फस्टाउदै गएको अनौपचारिक अर्थतन्त्र यहाँसम्म कि नेपाल ग्रे लिस्टमा परिसकेको अवस्थामा वर्तमान गठबन्धन सरकारको मर्म र भावलाई समेत सन्तुलनमा राख्दै नागरिकमा आशाको संचार गराउन वर्तमान परिस्थितिको यथार्थताको मध्यनजर वर्तमान संविधान र राज्यका नीति निर्देशक तत्व र मौलिक हकलाई आधार बनाई सम्वत् २०८२ वैशाख २८ गते जुन बजेटको सिद्धान्त प्राथमिकता प्रस्तुत भएको छ त्यो स्वागतयोग्य छ। खुसीको कुरा छ नौ महिनाको अवधिमा विदेशी मुद्रा सञ्चिति बढेको छ। मूल्य वृद्धि घटेको छ रेमिट्यान्स बढेको छ। निक्षेप बढेको छ। आयात थोरै भएपनि घटेको छ निर्यात बढेको देखिन्छ। शोधान्तर पनि तीन खरब ४६ अरब बचतमा देखिन्छ। मयुर आफ्नो भद्दा र कुरुप खुट्टा हेरेर रोए जस्तो बाह्य सूचक सबल रहेको अवस्थामा पनि सरकारले खर्च बढाउन नसक्दा अर्थतन्त्रको गतिरोध अन्त्य भएको देखिन्न यी सबै अवस्थालाई मध्यनजर गरि सरकारले सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको देखिन्छ। त्यसैले मैले प्रस्तुत सिद्धान्त तथा प्राथमिकतालाई दशा र दिशा दुवैको पहिचान गरी प्रस्तुत भएको सम्झन्छु त्यसैले समर्थन पनि गर्दछु। प्रस्तुत सिद्धान्त प्राथमिकताले कुनै वादलाई न दण्डवत गरेको छ न त कुनै ईश्वरलाई। बरु यसले वर्तमान आर्थिक अवस्थालाई सुधारोन्मुख दिशातर्फ लैजाने जमर्को गरेको देखिन्छ। संघको बजेटमा र कार्यक्रममा ३ करोडभन्दा कम रकम विनियोजन नगर्ने संकल्पलाई स्वागत त गर्नुपर्ला नै। २०४७ देखि अहिलेसम्म सरकारले लिएको आर्थिक नीति कुन बादबाट प्रेरित थियो। वर्तमान संविधानमा उल्लेखित तिन खम्बे अर्थ

नीति के हो? त्यो बुझेको छ भने बुझ्ने कसैले पनि सिद्धान्त र प्राथमिकताले बाटो बिराएको देख्नुहुन्न। संसदमा उठेको सार्थक सवालको जवाफ भने बजेटमा सम्बोधन हुनुपर्दछ। वास्तवमा मेरो दृष्टिमा समय सापेक्ष कानुन र त्यसको कठोर र निष्पक्ष कार्यान्वयन शासन सुशासन दुवै हो। नीतिगत भ्रष्टाचार पनि भएपनि गैरकानुनी हो र हुनुपर्दछ। त्यस्तै दण्डित नगर्ने हो भने दण्डहिनता मौलाउछ। यस विषयमा सिद्धान्त प्राथमिकता मुखर छैन। सायद मैले नदेखेको होला। त्यस्तै सबै क्षेत्रमा भएको राजनीतिकरण र दलीयकरणको अन्त्य गर्ने सिद्धान्त र प्राथमिकताले स्थान पाउनु पर्ने थियो। त्यसमा सायद मौन भएको देखिन्छ। तोकेको समयमा आयोजना सम्पन्न नहुनु महारोग नै भइसकेको अवस्थामा रेडिनेस फिल्टरको विषयले ठूलो राहत प्रदान गरेको छ। त्यस्तै विप्रेषणको आयलाई उत्पादनशील क्षेत्रमा लगाउने कुरा पनि सकारात्मक छ। सहकारी र लघुवित्त पीडितले न्याय पाउने कुरा, सूचना प्रविधि क्षेत्रका उद्योगलाई थप प्रोत्साहित गर्ने कुरा त्यस्तै जलस्रोतमा लगानी आकर्षित गर्ने कुरा आकर्षक छ। अझ सबै नागरिकलाई उद्यमशील उत्पादन र सक्षम बनाउने कुरा कुन दृष्टिकोणबाट नराम्रो देखिन्छ ? तर यो महत्वकांक्षी भनेछ। विकासको गति ढाँचा र संस्कृति बदल्न राष्ट्रिय आवश्यकता अनुरुप आर्थिक ढाँचा सुधार गर्ने कुरालाई अपब्याख्या गर्नुहुँदैन त्यो ठिक ढङ्गले आएको छ। त्यस्तै प्राथमिकताका ११ नम्बर बुँदाले स्वरोजगार प्रवर्धन रोजगारी सिर्जना गरिबीको निवारणको कुरा गरेको छ। त्यस्तै १२ नम्बरको बुँदा आर्थिक सुधारमा केन्द्रित देखिन्छ जसमा कानुनी संस्थागत र प्रक्रियागत सुधारको कुरा उठाइएको छ जुन वर्तमान समयकै माग हो। १३ नम्बर बुँदाले कृषि क्षेत्रको समग्र विकासलाई प्राथमिकता प्रदान गरेको छ। एकै वर्षमा सबै कृषियोग्य जमिनमा सिचाई पुग्दैन सबैलाई थाहा छ। यान्त्रीकरण, बीउमल रैथाने खेती मलको ६००० आपूर्ति, करार खेती इत्यादिद्वारा युवालाई आकर्षित गर्ने कुरा प्राथमिकतामा पर्नु सकारात्मक हो। अहिले विदेश गएर श्रम गर्ने क्रममा केही कमी आएको देखिन्छ त्यसैले कृषि तर्फ आकर्षण बढाउन सक्नु आवश्यक पनि छ। १४ नम्बर बुँदाले ऊर्जा क्षेत्रको विकासबारे सम्बोधन गरेको छ। १५ नम्बर बुँदामा पर्यटनका सबै सम्भावनाका खोजी गर्ने पर्यटन उद्योगको विकासमा जोड दिएको छ। त्यसलाई राम्रो नै भन्नुपर्ला। बुँदा नम्बर १६मा औद्योगिक क्षेत्रको विकास युवाले लक्षित start up कार्यक्रम र स्वदेशी उत्पादन बढाउने कार्यक्रम राम्रो छ। यसमा लगानी बढाउनुपर्दछ। बुँदा नम्बर १८ मा गुणस्तरीय र जीवनउपयोगी शिक्षाको कुरा छ जुन राम्रो हो। शिक्षा गुणस्तरीय र जीवन उपयोगी भएन भने त्यसले समयलाई सम्बोधन गर्दैन। त्यस्तै १९ नम्बर बुँदामा गुणस्तर स्वास्थ्य सेवाका लागि चाहिने र गर्न सकिने कुरा प्राथमिकतामा परेको छ। वास्तवमा health is wealth र विद्या सर्वधनं प्रधानां भनिएको पनि छ।यो अझ उच्च प्राथमिक बजेट विनियोजन हुनुपर्दछ। विकास परिणाममा निजी पूँजी परिचालन

गर्ने कुरा राम्रो छ। अन्त्यमा खानेपानी तथा सरसफाई मानव पूँजी विकास महिला तथा जेष्ठ नागरिक लक्षित र भौतिक पूर्वाधार विकास कार्यक्रमलाई आशा जगाएको छ त्यस्तै जलवायु परिवर्तन सुरक्षा वित्तीय संघीयता लक्षित प्राथमिकताले नविनता दिएको छ। त्यसको स्वागत पनि गर्दछु र समर्थन पनि गर्दछु। धन्यवाद।

(१४:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य दुर्गा गुरुङ। समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१४:५३ बजे) **<u>माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारको तर्फबाट यही बैशाख २८ गते माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेलज्यूले यही आर्थिक वर्ष २०८२/०८३ को प्रि बजेट छलफलको सन्दर्भमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सदन समक्ष प्रस्तुत गर्नुभएको छ। माननीय अर्थमन्त्रीज्यूले पेस गर्नुभएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सात वटा सिद्धान्त र २५ वटा प्राथमिकता रहेका छन्। हाम्रो नयाँ संविधान २०७२ ले व्यवस्था गरेको नागरिकको मौलिक हक र राज्यका निर्देशन सिद्धान्तको कार्यान्वयनमा उच्च महत्व दिई लोककल्याणकारी राज्यको अवधारणा अनुरूप समावेशी विकास र सामाजिक न्याय कायम गर्दै विकासको लाभमा आम नागरिकको पहुँच सुनिश्चित गर्ने लक्ष्य विनियोजन विधेयक सिद्धान्त र प्राथमिकताले लिएको छ। यसका साथै सबल अर्थतन्त्र निर्माण गर्न उत्पादनमुखी विकासको ढाँचा उद्यमशीलता र उत्पादकत्व अभिवृद्धि गर्न, नवीनतम प्रविधिको प्रयोगलाई प्रबर्धन गरिने कुरा समेत माननीय अर्थमन्त्रीज्यूले गर्नुभएको छ। सम्माननीय अध्यक्षज्यू, निजी क्षेत्रमैत्री, प्रतिस्पर्धा र आत्मनिर्भरता सहितको समाजमुखी अर्थको आधारशील तयार गर्ने कुरामा आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट केन्द्रित हुने कुरा पनि माननीय अर्थमन्त्रीज्यूको छ। सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयकका ७ सिद्धान्त २५ प्राथमिकतालाई हेर्दा समग्र क्षेत्र नै माननीय अर्थमन्त्रीज्यूले समेट्न खोज्नुभएको देखिन्छ। मैले यसभन्दा अगाडि पनि बारम्बार भन्दै आएको छु कि हामीले गर्ने कुरा कर्णप्रिय हुन्छ। नीति पनि राम्रा हुन्छन् झन् सिद्धान्त कुरूप हुने कुरै भएन तर नीति र सिद्धान्त अनुरुप कहिले काम गर्न नसक्ने परम्परामा हामी हुर्किएका छौं। हाम्रो औकात कति हो? हाम्रा आवश्यकता र जनचाहना कति छन्? आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटको आकारले बजेटमा सिद्धान्त र प्राथमिकतालाई सम्बोधन गर्न र समेट्न सक्ला कि नसक्ला? चरम आर्थिक मन्दि अन्तर्राष्ट्रिय रूपमा ठूलो व्यापार घाटा बढ्दो ऋण भारको बोझका कारण आउने आगामी बजेट कस्तो होला?

सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्रीज्यूले पेश गर्नुभएको सिद्धान्त र प्राथमिकताकै जगमा आगामी आर्थिक वर्षको बजेट आउन सकोस्, भ्रष्टाचार नियन्त्रण हुन सकोस्, भूमिहीन सुकुम्बासी मजदुर

किसानका समस्या समाधान हुन सकुन्। यसो भयो भने साँच्चै ठूलो उपलब्धि हुनेछ। सम्माननीय अध्यक्षज्यू, हाम्रो शिक्षा ऐन धेरै पुरानो भएकोले गुणस्तरीय र जीवनपयोगी शिक्षाका लागि सामुदायिक विद्यालयका शिक्षक शिक्षिकालाई शैक्षिक नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ, शैक्षिक शिक्षाको गुणस्तरीय वृद्धि र विद्यालय शिक्षाको व्यवस्थापन सुधार गर्न स्थानीय तहसँग सहकार्य गरी गरिनेछ भन्ने कुरा आएको छ तर पनि शिक्षालाई प्राक्टिकल अभ्यासमा जोड दिन सकेमा हाम्रा विद्यार्थीहरू स्वदेशमै उत्पादनसँग जोडिन सक्छन् र सरकारले नीति अनुरूप नै बढ्दै काम पढ्दै काम गर्दै गर्न सजिलो हुनेछ भन्ने कुरालाई राख्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, स्वास्थ्यका सम्बन्धमा गुणस्तरीय स्वास्थ्य सेवालाई प्राथमिकतामा राखिएको छ। यो स्वागतयोग्य कुरा पनि छ तर गुणस्तरीय स्वास्थ्य सेवा कसका लागि भन्ने प्रश्न उठ्ने गरेकाले पहुँच भन्दा बाहिर दुर्गम क्षेत्रका निम्न वर्गका मानिसहरू जो सिटामोल खान नपाएर मर्न परेको छ उनीहरूसमक्ष पुगोस् भन्ने कुरालाई जोड दिन चाहन्छु। सम्माननीय अध्यक्षज्यू, अन्त्यमा सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेश धेरैपछि परेको दुर्गम प्रदेश भएकाले विशेष बजेटको व्यवस्था मिलाइदिनहुन म सम्माननीय अध्यक्षज्यू मार्फत सरकार, माननीय अर्थमन्त्रीज्यूलाई ध्यान आकर्षण गर्न चाहन्छु। हवस् त धन्यवाद। जय नेपाल।

(१४:५९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु देवी पुडासैनी। समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य उर्मिला अर्याल।

(१५:०० बजे) **माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, गरिमामय सङ्घीय संसदमा सम्माननीय राष्ट्रपतिज्यूले प्रस्तुत गर्नुभएको सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा छलफल गर्न दिइएको समय पर्याप्त भएन। माननीयज्यूहरूबाट प्राप्त सुझाव पनि स्वीकार गरिएन भन्ने गुनासो छँदैछ। अब माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूले सम्मानित सदनमा पेश गर्नुभएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा छलफल गरी सुझाव प्रस्तुत गर्ने कार्यक्रम प्रारम्भ भएको छ। सम्मानित सदनमा छलफल हुने, सुझाव प्रस्तुत हुने तर उक्त सुझावको सुनुवाई नै नहुने अवस्थाका कारण सम्मानित सदनबाट बहुमतले पारित भएर पनि माननीय सदस्यहरुले अपनत्व ग्रहण गर्न नसकेको अवस्था सिर्जना भएको तथा विदेशी विनिमयको पर्याप्त सञ्चित रहेको र लगानी अनुकूल वातावरण सिर्जना गर्न प्रक्रिया सरलीकरण गरिए पनि लगानी बढ्न नसक्नु, पूँजीगत खर्च अपेक्षाकृत बढ्न नसक्नु, पूँजी बजार तथा घरजग्गाको कारोबारमा आएको सिथिलता अझै कायम नै रहनु, अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको वित्तीय नीति र त्यसको कार्यान्वयलाई सहजीकरण गर्ने मौद्रिक नीति बीचमा तालमेल हुन नसक्नु जस्ता थुप्रै कारणले अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन

जसका कारण राजस्व सङ्कलन बढ्न नसकेको उद्योग कलकारखाना व्यापार एवम् सहरका बजार सटरहरू बन्द हुँदै जाने क्रम रोकिएको छैन। आम नागरिक बेरोजगार हुने क्रम बढ्दै गएको र अधिकांश युवा जनशक्ति विदेश पलायन हुने क्रम बढ्दै गएको देखिन्छ। उल्लिखित समस्या समाधान गर्ने उद्देश्यकासाथ माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूले सम्मानित सदनमा पेश गर्नुभएको विनियोजन विधेक, २०८२ का सिद्धान्त र प्राथमिकताले आशाको किरण जगाएको छ महसुस गरेको छु। सम्माननीय अध्यक्ष महोदय, देशको अवस्था र आवश्यकतालाई समेत केन्द्रमा राखी विभिन्न सरोकारवाला एवम् विज्ञहरू समेतको सुझाव र सहयोगमा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूले तयार गरी सम्मानित सदनमा पेश गर्नुभएको विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा यस सम्मानित सदनमा निरन्तर छलफल भइ सुझावहरू आइरहेका छन्। उक्त सिद्धान्त र प्राथमिकतालाई कार्यान्वयन गर्न समयावधि सहितको चेकलिष्ट तयार गरी प्रधानमन्त्रीले मन्त्रीसँग मन्त्रीहरूले सचिवसँग सचिवले सचिवहरुले मातहतका कर्मचारी हुँदै क्रमशः तल्लो तहका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गर्न पर्ने व्यवस्था कडाईकासाथ कार्यान्वयन गर्न र कार्यसम्पादन उत्कृष्ट हुनेलाई पुरस्कार तथा खराब हुनेलाई दण्डको समेत व्यवस्था गरी सोको नतिजा सार्वजनिक गर्ने र अभिलेख राखी त्यसका आधारमा तत् तत् व्यक्तिलाई अन्य महत्वपूर्ण जिम्मेवारी प्रदान गरी गर्दा मुख्य आधार मान्य कानुनी व्यवस्था गरेर मात्र अपेक्षित सुधारहरू देखिदै जाने आशा गर्न सकिन्छ। अन्यथा यो विनियोजन विधेयक, सिद्धान्त र प्राथमिकता पनि कागजको घोडा मात्र बन्नेछ। २०२६ सम्म मुलुकको विकाशील राष्ट्रको स्तरउन्नति गर्ने २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गर्ने विषय पनि कागजमा मात्रै सिमित हुने खतरा बढ्दै जानेछ। तसर्थ, भनाई र गराईमा एकरुपता ल्याउन माननीयज्यूहरूबाट प्राप्त सुझावहरूलाई समेत मनन गर्दै प्रस्तुत विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता यस सम्मानित सदनबाट पारित गर्न उपयुक्त ठानेको छु। उक्त सिद्धान्त र प्राथमिकताका आधारमा आगामी वार्षिक आर्थिक वर्षको बजेट निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयनबाट उच्च दिगो र फराकिलो अर्थतन्त्र वृद्धि वृद्धि हासिल गर्दै स्वदेशमै रोजगारका अवसरहरूको सिर्जना गरी गरिबी न्युनीकरणको साथै नेपाली नागरिकको जीवन यसरी सुधार भएको महसुस हुने गरी काम गर्न यस सम्मानित सदनमार्फत म सरकारलाई सुझाव दिन चाहन्छु। धन्यवाद जय नेपाल।

(१५:०५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य उर्मिला अर्याल। समय ९ मिनेट। त्यसपछाडि माननीय सदस्य इन्दिरा देवी गौतम।

(१५:०५ बजे) <u>माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णु पौडेलद्वारा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०८२ को सिद्धान्त र प्राथमिकता सम्बन्धमा केही कुरा राख्न चाहन्छु। चालु आर्थिक वर्षमा सरकारले ९ खर्ब ४२ अर्ब ८८ करोड को आम्दानी गर्दा ११ खर्ब ४६ अर्ब ५९ करोड खर्च गरेको छ। तसर्थ यो गएको यो गएको आर्थिक वर्ष घाटाको आर्थिक वर्ष रहेको छ। यस्तो Comfortable बहुमतको सरकारमा पनि परिणाम र सूचक नकारात्मक हुनुले नकारात्मक दिशातर्फ सरकार लक्षित छ भने आभास दिएको छ। विकासको लाभलाई कसरी समावेशी, सामाजिक न्यायमा प्रत्याभूत गर्ने भन्ने विषयमा स्वाधीन राष्ट्रिय अर्थतन्त्रमा सबैको सहभागिताको परिचालन र संलग्नतालाई उपेक्षा गरिएको छ। पब्लिक प्राइभेट पार्टनरसिप सरकार मजदुर साझेदारी श्रमिकहरुको पनि आर्थिक क्रियाकलापमा संलग्नता भएको भए त्यो पार्टनरसिपमा सबैले उच्च योगदानको उच्च योगदान हुने र प्रतिफलमा किसान र श्रमिक पनि लाभान्सको हकदार हुने हो भने सुशासन, भ्रष्टाचार र न्यूनीकरणमा भ्रष्टाचार न्यूरीकरणमा टेवा पुग्ने थियो। र देश विकासको काम र प्रतिफल सबैको अपनत्व हुने महसुस हुने गरी गर्ने भएमा मात्र राष्ट्र सबैको हो भन्ने आभास हुनेछ। स्वाधीन राष्ट्रिय अर्थतन्त्रमा सबैको संलग्नता र अपरिहार्यतालाई नकारेको छ। हामी जहिले पनि लगानी प्रतिफल उच्च बनाउने कुरा गर्छौं। तर त्यो कुरा सही भएपनि कार्यान्वयनमा राजस्व परिचालनमा नियमिततामा अथवा अर्थ आर्थिक नियमिततामा सार्वजनिक वित्त सन्तुलन व्यवस्था सुदृढ नहुँदा लक्ष्य पुरा हुने गरेको छैन। विदेशबाट फर्केका र सेफ केही सीप आर्जन गरेका अनुभवगत तथ्यांक संकलन गरी उनीहरूको सिकाइ र क्षमता अनुसारको क्षेत्रमा कार्यक्रमिक पहुँच र बजेट व्यवस्थापन गरी सम्बोधन गर्ने जरुरी देखिन्छ। त्यो भएको देखिँदैन। हाल हाम्रो देश ग्रे लिष्टमा परेको छ। Financial Action Task Force ले हामीलाई ग्रे लिष्टमा राखेको छ। हामी यस्तै पाराले चल्ते चलाते हिसाबले चल्ने हो भने ब्ल्याक लिष्टमा पर्ने नै छौं। त्यसको उचित सम्बोधन र कार्यान्वयन सुदृढ रूपले सञ्चालन गर्नु जरुरी छ। त्यो भएको देखिँदैन। २०२६ सम्म विकासील राष्ट्रको रूपमा स्तरउन्नति गर्दै २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्नेमा कठिनाइ देखिन्छ। यसको लागि कडा आर्थिक अनुशासन सहित आर्थिक उपलब्धिका आधार तय गर्ने अठोट हुन्छ कि हुन्न त्यसले तय गर्ने हो उत्तर प्रश्नवाचक छ, सन्देहमूलक छ। कृषि अर्थतन्त्र नेपालको मेरुदण्ड रहे पनि कृषि अनुसन्धान अधोमुखी हुने रैथाने राम्रा उत्पादन दिने धानबालीको रैथाने बिउको जगेर्ना नहुनु सबै थोकमा परनिर्भर हुने, बीउ बिजनमा पनि हामी परनिर्भर हुने र उन्नत बनाउन त्यसलाई उन्नत बनाउन पनि नसक्नु कृषि अनुसन्धान परिषद् जागिर खाने थलो भयो विज्ञतामुखी नभएर नियुक्तिमुखी हुँदा लथालिङ्ग अवस्थामा छन् र अनुसन्धान फेल भएको छ। विगतमा आर्जन गरेको स्रोतहरू त्यसका भारवहन स्रोतहरू र त्यसको भारवहन केन्द्र बनेका छन्। ती भारको बाहक भएका छन्। रैथाने बिउको संरक्षण प्रवर्धन सिद्धिसकेको छ। मासु उत्पादन, फलफुल उत्पादन,

अनुसन्धान खोज र अध्ययन धरासायी भएको छ। विधि क्षेत्रमा कुलमानको बैरगमनसँगै के के हुँदैछ लोडसेडिङ हुने हल्ला वर्तमान एमडी गर्दै हुनुहुन्छ। अब पुनःइन्भर्टर व्यापार सम्बर्धन हुनेहोला। कमिसन आउने होला। खबरदारी गर्न चाहन्छु। विद्युतमा आधारित उद्योगहरूको अधोगति भएर लोडसेडिङ गरेमा सोच्नुपर्ने हुन्छ वर्तमा सरकारले।पर्यटन तथा पूर्वाधार विकास अर्थतन्त्रको एक सफल मेरुदण्ड हुन्। नेपालको सुन्दर प्राकृतिक छटा सगरमाथा हिमाल माउन्ट एभरेष्ट, जलाशय, जङ्गल सफारी, तराईका मनोरम फाँटहरूको शृंखलाले प्रचुर सम्भावना भएपनि स्रोत परिचालन र त्यसको सदुपयोगको नीति कार्यक्रमिक पहुँच र बजेट व्यवस्थापन नहुँदा कार्यक्रमिक पहुँचमा खास फड्को मार्ला जस्तो लाग्दैन। भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रतिबद्धता, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन नभएको अवस्थामा थप अन्योलता छ। पूर्वाधार विकास नेपाल वायु सेवा निगमको बेहाल आदिले पर्यटन आवागमन र प्रवर्द्धनमा जटिलताहरू रहेका छन्। त्यसको सम्बोधन भाषणमा भए पनि दिनानुदिन अधोगतिमा छ। उद्योगहरुमा सिमेन्ट कारखाना, चिनी मिल, कपडा उद्योग सबै स्वाहालय होईन भन्नेले देश डुबायो। बेलैमा सचेत हौं। कृषिमा नेपालबाट चामल दाल बाहिर जान्थ्यो। हाल हामी आफ्नै मौलिक रूपमा फलाएका थुप्रै धानहरु विस्तारै हराउँदै गएका त्यसका बीउ पनि हामीले जगेर्ना गर्न नसकेको अवस्था छ। हामी फेरि त्यो मौलिक हाम्रा थोरै मलले पनि राम्रो उत्पादन गर्ने त्यस्ता बिऊ विजनको संरक्षण गर्ने तिर ध्यानाकर्षण होस् भन्ने चाहन्छु। पूँजीगत र लगानी भन्दा पनि निर्वाहमुखी अर्थतन्त्र निर्माण गर्न खोजेको देखिन्छ। चल्ते चल्ते चल्ते चलाते हिसाबले कहिलेसम्म चलाउने भन्ने ठूलो प्रश्न छ र सरकार यसको मूल जरो सहित हामी हाम्रो आधारभूत तहमा हामीसँग रहेका के के सम्भावनाहरु छन् ती सम्भावनाहरूको यथोचित सम्बोधन कसरी गर्न सक्छ सकिन्छ अर्थतन्त्र त्यसलाई कसरी परिचालन गर्न सकिन्छ हामी सम्पदै सम्पदाको देश छ। जनता पनि जागरुक छन्। यहाँ धेरै एउटा हिसाबले भन्ने हो भने सोच विचारको हिसाबले पनि यहाँ धेरै चोरी यस्तो बदमासी हुने देश होइन यो। र अलि जनताहरू चाहिने राष्ट्रप्रति अलि बफादार पनि छन्। यो अवस्थामा हामीसँग प्रचुर सम्भावनाहरु हुँदाहुँदै पनि हामी चल्ते चलाते हिसाबले कहिलेसम्म हामी कुर्ने? हाम्रो थुप्रै आन्दोलनहरू लड्यौं। जनआन्दोलनमा लडेर आइयो। गणतन्त्र ल्याइयो। अनि त्यो भइराखेको पहिले पञ्चायत कालको उद्योग धन्दाहरूको पनि जग्गा सग्गा सबै हिनामिना छ। यो व्यवस्थित छैन। कृषिमा अनुसन्धान छैन। नयाँ किसिमले जाने छैन। सबै एउटा थोत्रो हामीले राजनीतिक नियुक्तिको भरमा उसलाई एम.डी. बनाउने उसलाई डाइरेक्टर बनाउने भन्दा भन्दै त्यो हाम्रो व्ययको भार बन्दै गइराखेको छ। यसमा अब नयाँ हिसाबले हामीले नसोच्ने हो भने यो सबै चिजलाई सम्बोधन गरेर जानुपर्ने अवस्था छ। चल्ते चलाते स्थितिबाट हामी फेरि अलि फड्को मार्ने गरिकन सबैले नयाँ सोंच बनाउ भन्ने अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१५:०८ बजे) <u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१५:१३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य इन्दिरा देवी गौतम। समय ७ मिनेट।

(१५:१३ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, उपप्रधानमन्त्री एवम् अर्थमन्त्री माननीय विष्णु पौडेलज्यूले गत बैशाख २८ गते प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा छलफल गरिरहँदा म मेरा केहीं विचार सारसंक्षेपमा राख्न चाहन्छु। गणतन्त्र स्थापनापछि बनेका विभिन्न सरकारले प्रस्तुत गरेका विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका आधारमा के कति काम भए कति हुन सकेनन् र किन हुन सकेनन् त्यसको समीक्षा गर्न समेत जरुरी रहेको छ। यही वैशाख १९ गते सम्माननीय राष्ट्रपतिज्यूले संसदको संयुक्त सदनमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमले आगामी बजेट कस्तो हुने भन्ने कुरालाई निर्देशित गरिसकेको छ। त्यसमा मुलतः आगामी बजेटको सिद्धान्त के मा आधारित कस्तो रहने? र के के विषयमा प्राथमिकता दिने भन्ने कुराको लागि यसपालि मुख्यतः समृद्ध नेपाल सुखी नेपालीको आकांक्षालाई पुरा गर्ने नै बजेटको प्राथमिकता देखिएको छ। अध्यक्ष महोदय, सरकारद्वारा प्रस्तुत विनियोजन विधेकका सिद्धान्त र प्राथमिकतामा प्रमुखतः सातवटा सिद्धान्तमा आधारित भएर आगामी बजेट विनियोजनका लागि २५ वटा बुँदामा क्षेत्रगत प्राथमिकताहरू तय गरिएका छन्। प्रस्तुत सिद्धान्त तथा प्राथमिकतामा उल्लेख गरिएका खदिला बुँदाहरुले सकारात्मक सम्भावनाको संकेत गरेको मैले महसुस गरेको छु। सुदृढ अर्थतन्त्रको निर्माण, सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासन व्यवसाय मैत्री वातावरणको सिर्जना निजी क्षेत्रको लगानी प्रवर्धन र नागरिक मैत्री सेवा प्रवाह र सुशासन जस्ता महत्वपूर्ण बुँदाहरू सिद्धान्तको रुपमा प्रस्तुत गरिएको छ भने रोजगारी सृजना, स्वरोजगार प्रबर्धन र गरिबी निवारण कृषि क्षेत्रको व्यवसायीकरण गुणस्तरीय जीवन उपयोगी शिक्षा गुणस्तरीय स्वास्थ्य सेवा आदि जस्ता अति आवश्यकीय विषयहरूलाई प्राथमिकतामा राखिएको छ। यस विनियोजन विधेयकमा विशेष महत्वकासाथ प्राथमिकता दिएका बुँदाको कार्यान्वयनमा बजेटको अभाव नहुने गरी इमान्दारिताका साथ कार्यान्वयन भएमा हाम्रो राष्ट्रिय आकांक्षा पुरा हुने संकेत देखिनेछ। एउटा शीर्षकमा बजेट छुट्याउने अनि अर्को शीर्षकमा रकमान्तर गर्ने प्रवृत्तिहरू विगतका वर्षहरूमा धेरै हुने गरेकोले अबका दिनमा त्यस्तो प्रवृत्ति दोहोर्याउन दिने छैन भन्ने सुनिश्चितता गर्ने कुरा यस कार्यक्रमले तोकेको छ। यसै गरी देश देशभित्रै व्यवसाय गर्ने र बाहिरका लगानीकर्ताहरुलाई पनि देशभित्र लगानी गर्ने

वातावरण सृजना गर्ने कुराहरू विगतमा पनि भइरहेको तर कार्यान्वयनमा केही कमी देखिएकोमा यसपाली देखि लगानी गर्ने उपयुक्त वातावरण सिर्जना गर्न सरकारले अघि सारेको धारणाको कारणले नै यो बीचमा वैदेशिक लगानीमा विगतको भन्दा केही सकारात्मक रूपमा वृद्धि भएको पनि छ। र आगामी वर्ष पनि यो नीतिले अझ बढी लगानी बढाउन सहयोग पुऱ्याउनेछ। अहिले जनताको सबैभन्दा धेरै गुनासो भौतिक पूर्वाधारमा रहेको छ। आवश्यक भौतिक पूर्वाधार हुँदाहुँदै पनि राज्य संरचनामा सुशासनको प्रत्याभूति भएन। सेवा प्रभावहमा छिटो, छरितो, सहज र पारदर्शी सेवा भएन भने जस्ता गुनासाहरू रहेको छ। राज्यका तल्लो तहका निकायहरू जहाँ नागरिकले प्रत्यक्ष सेवा लिनुपर्छ, पाउनुपर्छ। राज्यको त्यस्तो निकायमा नागरिकले सेवा कामलिन भनसुन गर्नुपर्ने कि घुस खुवाउनु पर्ने जस्ता अवस्थाको अन्त्य गर्ने तर्फ प्रस्तुत विनियोजन विधेयकले प्राथमिकता दिएको छ। त्यसकारण भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति हुने कुरालाई बजेटले प्राथमिकमा राख्नु आजको आवश्यकता हो र समाजमा व्याप्त निराशा असन्तुष्टिलाई चिर्न यसले सहयोग गर्नुपर्छ। रोजगारी सिर्जना स्वरोजगार प्रवर्धन र गरिबी निवारण जस्ता विषयहरू हाम्रो दीर्घकालीन प्राथमिकताका विषय हुन् र हामी केहि न केही उपलब्धी गर्ने भनेर हरेक वर्ष उल्लेख पनि गर्छौं तर भने जस्तो प्रतिफल विगतमा नभएको अवस्था छ। अब वैदेशिक रोजगारीमा जान चाहनेहरुलाई स्वदेशमा नै रोजगारीको सम्भावना दिनेतर्फ बजेट केन्द्रित हुनु पर्दछ भन्ने लागेको छ। प्रस्तुत विनियोजन विधेयकले यसलाई दिशा निर्देश पनि गरिसकेको हुँदा यसतर्फ सरकार प्रतिबद्ध रहोस् भन्न चाहन्छु। मलाई पनि खड्केको अबको हाम्रो ध्यान शिक्षा, स्वास्थ्य, कृषि रोजगारी नै हो। यी विषयमा अझ बढी बजेटमा ध्यान दिइनेछ भन्ने कुरा प्राथमिकतामा तोकिएको पनि छ। शिक्षा क्षेत्रमा भन्नुपर्दा हामीले जुन शिक्षा दिँदै आयौ त्यो शिक्षाले हामीलाई कति कस्तो प्रतिफल दियो भनेर गहिरो समीक्षा गर्नुपर्ने हुन्छ। हामीले अहिले सम्म पनि विद्यालय शिक्षा ऐन ल्याउन नसक्दा शिक्षकहरु आन्दोलनमा उत्रनु पर्ने अवस्था सिर्जना भयो। लामो समयदेखिको शिक्षामा आएको बेथितिको अन्त्य गर्नेगरी चाँडै नै शिक्षा ऐन पनि पारित गर्ने नै छौं। स्वरोजगार उन्मुख जीवन उपयोगी शिक्षा दिने तर्फ लाग्नु आजको आवश्यकता हो। यसको कार्यान्वयनको लागि मन नखुम्च्याइकन मन फराकिलो बनाएर लगानी गर्न सरकारले आवश्यक बजेटको व्यवस्था गरी देशमा सक्षम कर्णधार निर्माण गर्ने र सँगसँगै शिक्षालाई उत्पादनमूलक बनाउनेतर्फ अघि बढ्नु पर्दछ। यसै गरी स्वास्थ्यको क्षेत्रमा पनि जनताको साह्रै धेरै आर्थिक भार स्वास्थ्य उपचारमा नै पर्ने गरेको छ। रोग लागेपछि गरिने उपचारका प्रक्रिया झन्झटिला अन्य प्रक्रियाहरू जाँचका लागि उपकरणको अभाव गुणस्तरहिन औषधिको शंकाबाट गुज्रदै उपचार गराउँदैमा रोगीसँग लडिररहेको रोगसँग लडिरहेको सर्वसाधारण नागरिक र उसको परिवार हैरान हुन्छन्। कतिपयको उपचार गर्दा गर्दैमा भएको जायजेथा सकिने कतिपयको रोगको निको नभई एकातिर मृत्यु हुने र अर्कोतिर सम्पति पनि सकिने बाँचेका परिवार जिन्दगीभर पीडामा रहनुपर्ने अवस्था छ। यस्तो अवस्थाको अन्त्य गर्न स्वास्थ्य क्षेत्रमा आम नागरिकलाई पहुँचसहित सस्तो र

सर्वशुलभ स्वास्थ्य उपचार व्यवस्था गरी कसरी गर्न सकिन्छ त्यसतर्फ बजेटमा विशेष ध्यान दिन जरुरी छ। कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै औद्योगिक विकासको माध्यमबाट स्वरोजगार, आत्मनिर्भरतातिर केन्द्रित हुँदै कृषि क्षेत्रको विकासको निमित्त आवश्यक सम्पूर्ण कुराको व्यवस्थाको सुनिश्चितता गरिने प्रतिबद्धताले देशलाई समृद्धि तर्फ डोर्याउने छ ..... (समय सकिएको)

(१५:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा कर प्रस्ताव बाहेक छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:२२ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि विषद छलफल भएको छ। माननीय सदस्यज्यूहरूले विभिन्न कोणबाट छलफलमा भाग लिनु भएको छ। सुझावहरू, केही टिप्पणीहरू, केही अपेक्षाहरू, केही आलोचनाहरू पनि अभिव्यक्ति का क्रममा आएका छन्। म सम्पूर्ण माननीय सदस्यज्यूहरू ज-जसले छलफलमा भाग लिनु भएको छ। यहाँहरू सबैलाई हृदयदेखि धेरै धेरै धन्यवाद दिन चाहन्छु। र यहाँ हामीले गर्नु भएको छलफल, दिनुभएको सुझाव र व्यक्त गर्नु भएको विचार यो निर्थक हुने छैन भन्ने विश्वास पनि म दिलाउन चाहन्छु। स्वाभाविक रुपमा सम्माननीय अध्यक्ष महोदय, हामीले बजेट निर्माणका सन्दर्भमा एउटा प्रणाली स्थापित गरेका छौं। जनताले तिरेको करको सदुपयोग कसरी गर्ने भन्ने विषयमा निर्णय गर्ने अन्तिम अधिकारी जनप्रतिनिधि संस्था हो। हाम्रो सन्दर्भमा parliament हो। संसद हो। संघीय संसद हो। र यो त्यसरी जनताबाट उठाईरहेको करको सदुपयोग गर्दा कस्ता सिद्धान्तको आधारमा कस्ता प्राथामिकताको आधारमा तय गरिन्छ भनेर बजेट निर्माण गर्नुभन्दा अगाडि छलफल गर्ने र सांसदहरूबाट व्यक्त भएका सुझाव समेतलाई आधार बनाएर विनियोजनका सिद्धान्त र प्राथमिकताहरूलाई update गर्ने र त्यसको आधारमा बजेट निर्माण गर्ने हाम्रो एउटा स्थापित प्रणाली हो। मैले यसपटक यस सम्मानित सभामा विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिरहँदा केबल औपचारिकताको निम्ति मात्रै होइन।

एउटा धर्म निर्वाह को निम्ति अथवा औपचारिकता पुरा गर्नको निम्ति सभामा छलफल गर्ने एउटा प्रणालीको निरन्तरताको निम्ति मात्रै होईन साच्चै नै अहिलेको अवस्थामा माननीयज्यूबाट गहकिला सुझावहरू आउनेछन्। र ति सुझावहरूले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नको निम्ति महत्वपूर्ण योगदान गर्नेछ भुमिका निर्वाह गर्नेछ भन्ने अपेक्षाको साथमा स्वयम् बजेट निर्माताका हैसियतले अर्थमन्त्रीलाई माननीयज्यूहरुबाट प्राप्त हुने सुझावहरू धेरै ठुलो सहयोग पुग्नेछ। महत्वपूर्ण सहयोग पुग्नेछ भन्ने अपेक्षाकोसाथमा यो विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता यस सभामा मैले प्रस्तुत गरेको हो। र यहाँहरूले तदनुकुलका सुझाव दिनुभएको छ। मैले यहाँले व्यक्त भएका सुझावहरूलाई म एउटा प्रणाली अन्तर्गत यसलाई नोट गरेको छु। प्राप्त गरेको छु। र यि चिजहरूलाई मुलतः माननीयज्यूहरुले राखु भएका सुझावहरूलाई बजेट निर्माण गर्दा ख्याल गर्नेछु। त्यसबाट निर्देशित हुने कोसिस गर्नेछु र निर्देशित हुनेछु भनेर पनि म यहाँहरू समक्ष विश्वास व्यक्त गर्न चाहन्छु।

अध्यक्ष महोदय, हामीले केहीँ महत्वपूर्ण सिद्धान्तहरू यो बजेट निर्माण गर्दा यो सिद्धान्तबाट निर्देशित हुनुपर्छ भन्ने मान्यताका साथ यो प्रस्तुत गरेका छौं। गरेको छु मैले। यसमा मुख्य रुपले मौलिक हक र राज्यको निर्देशक सिद्धान्तको कार्यान्वयनलाई एउटा महत्वपूर्ण सिद्धान्तको रुपमा यसमा सुत्रबद्ध गरिएको छ। मौलिक हक र निर्देशक सिद्धान्तहरुको कार्यान्वयन गर्न सक्दा वास्तवमा हामीले जुन प्रकारको सम्मृद्धिको सपना, सामाजिक न्यायको सपना देखेका छौं। संविधानले त्यो परिलक्षित गरेको छ। त्यसतर्फ हामी पुग्न सक्छौं भन्ने यसको मान्यता हो। त्यसद्धारा निर्देशित हुनुपर्छ। मौलिक हकद्वारा संविधानमा उल्लिखित मौलिक हकद्वारा र राज्यका निर्देशक सिद्धान्तद्वारा निर्देशित हुनु पर्छ भन्ने यसको एउटा महत्वपूर्ण सिद्धान्त हो। दोस्रो हामीले समृद्धिको आकाङ्क्षा राखेका छौं। त्यस्तै समन्यायिक विकासको आकाङ्क्षा राखेका छौं। र समृद्धि र सुखको परिकल्पना गरेका छौं। त्यसका निम्ती हामीले "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई अनुसरण गर्दै अगाडि बढ्नु पर्ने कुरालाई लागि अर्को महत्वपूर्ण सिद्धान्तका रुपमा निर्देशित गरेका छौं। र विकासमा समन्वय र सहकार्य अहिले हामीले देखिरहेका छौं। तीन तहको सरकार, तीन तहका जनप्रतिनिधि संस्थाहरू हाम्रो मुलुकमा क्रियाशील छन्। कतिपय सन्दर्भमा आवश्यक मात्रामा सहकार्य र समन्वय हुन नसक्दा हामीसँग उपलब्धी भएको सीमित स्रोतको सहीं र अधिकतम सदुपयोग हुन नसकेको अनुभव र अपेक्षित प्रतिफललाई विकासमा समन्वय र सहकार्यलाई अर्को महत्वपूर्ण संयन्त्रको रुपमा अघि सारिएको छ। सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासन मैले भनिरहनु पर्दैन बजेट अनुशासनका सन्दर्भमा हामीले यस बिचमा धेरै गहकिला अनुभवहरू आर्जन गरेका छौं। हामी अत्यन्त एउटा यो परिस्थितिमा आइपुगेका छौं। किनकी हामी हाम्रो वित्त सन्तुलनलाई हामीले ख्याल गर्दैनौं भने र बजेट अनुशासनमा फर्किदैनऔ भने हामीले वास्तवमा जनतामा जनताका आकाङ्क्षाहरूलाई सम्बोधन गर्ने र समृद्धि तर्फ गहकिला कदम चाल्न सक्दैनौं भन्ने कुरा छर्लङ्ग

छ। त्यसकारणले वित्त सन्तुलन र बजेट अनुशासनको विषयलाई अर्को महत्वपूर्ण सिद्धान्तको रुपमा यसमा सुत्रबद्ध गरिएको छ। र अहिले मुलतः अर्थतन्त्र पूँजीमा ८० प्रतिशत भन्दा ठुलो हिस्सा प्रतिनिधित्व गर्ने निजी क्षेत्र र त्यसका निम्ति आवश्यक व्यवसाय मैत्री वातावरणको निर्माण अर्को महत्वपूर्ण विषय हो। त्यसलाई पनि यहाँ सुत्रवद्ध गरिएको छ। र राज्यको सामाजिक सुरक्षा राज्यका केहीँ सार्वजनिक दायित्वहरू छन्। सामाजिक सुरक्षाको दायित्व छ। त्यो सामाजिक सुरक्षाको दायित्व खासगरी विपन्न वर्ग, ज्येष्ठ नागरिक, एकल महिला र सामाजिक रुपमा र आर्थिक रुपमा पछि परेका र पारिएका वर्ग र समुदायको सुरक्षाको जिम्मेवारी खासगरी जीवनचक्रमा आधारित सुरक्षा .... त्यो राज्यको जिम्मेवारी हो। यसलाई हामीले अर्को महत्वपूर्ण सिद्धान्तको रुपमा यसमा सुत्रवद्ध गरिएको छ र नागरिक मैत्री सेवा प्रवाहलाई अर्को महत्वपूर्ण विषय बनाइएको छ। यसरी केहीँ महत्वपूर्ण सिद्धान्तहरुका साथसाथै हामीले यो यसमा बजेट निर्माणका प्राथमिकताहरू पनि यहाँ उल्लेख गरिएको छ। मैले त्यस विषयहरूमा यहाँ दोहोराइरहन पर्ने आवश्यक मैले ठानिन। जहाँसम्म माननीयज्यूहरूले राखु भएको केहीँ जिज्ञासाहरू छन्। त्यसमा  मैले के संक्षिप्तमा के अनुरोध गर्न चाहन्छु भने विकासको ढाँचा गति र संस्कृति परिवर्तन गर्नुपर्ने कुरालाई जोड दिइएको छ। यसको अर्थ के भने हामी जुन प्रकारको विकासको गति र जुन प्रकारको ढाँचा हामीले अवलम्बन गर्दै आएका छौं। जस्तो गति र संस्कृति छ यो ढाँचा गतिले संस्कृतिले हामीलाई कँही पुऱ्याउँदैन। त्यसकारणले हामी ढाँचामा पनि गति र संस्कृतिमा पनि परिवर्तन आवश्यक छ भन्ने त्यो अनुभूतिकासाथमा यो  सिद्धान्त र प्राथमिकता प्रस्तुत भएको छ। मैले भनिरहनु पर्दैन हामीसँग साधन खर्च धान्नका निम्ति हम्मे पर्ने एउटा अवस्था एकातिर राजस्वबाट भने अर्कोतर्फ हामीले जुन प्रकारको पूँजीगत खर्चको निम्ती विनियोजन गर्छौं त्यो विनियोजन कुशलताको दृष्टिकोणले पनि हामीहरु चुक्ने गरेका छौं। साना मसिना बिना तयारीका आयोजनाहरू रिसोर्स डिस्पोर्स गर्ने र अपेक्षित प्रतिफल प्राप्त नहुने र त्यो खालको अवस्था हामीसँग छ। एकातिर राष्ट्रिय गौरवका, राष्ट्रिय प्राथमिकताका आयोजनाहरूलाई बजेट पुग्दैन। स्रोतको अभाव हुन्छ। अर्कोतर्फ हामीसँग विभिन्न हिसावले व्यवस्थापन गरेको सुनिश्चित गरे पनि सही ढंगले छलफल हुन सक्दैन। यसखालको सन्दर्भ छन त्यसले गर्दाखेरि यो प्रसङ्गलाई यहाँ अलि महत्वका साथ उठाइएको हो। नीति कार्यक्रमसँग यो सिद्धान्त र प्राथमिकताको मेल छ। नीति कार्यक्रमलाई अनुसरण गर्दै यो सिद्धान्त र प्राथमिकता आएको हो। र हामीले एउटा यसपटकदेखि एउटा कोहरेन्स एउटा संगती पनि मिलाउने काम गऱ्यौं। सबभन्दा पहिला सरकारको नीति तथा कार्यक्रम सदन समक्ष प्रस्तुत हुन्छ। त्यो नीति तथा कार्यक्रमसँग मेल खाने गरी त्यसलाई अनुसरण गरेर सिद्धान्त र प्राथमिकता आउँछ अनि नीति कार्यक्रम र सिद्धान्त प्राथमिकताको आधारमा बजेट आउँछ। यसरी हामीले एउटा हाम्रो प्रणालीलाई rearrange गरेका छौं त्यस हिसाबले पनि यहाँ प्रस्तुत गरिएको छ। यो ग्रेलिस्टको विषय यहाँ आइनै रहेको छ। यसभन्दा अगाडि पनि सम्मानीय सभामा राखेको छु। धेरै कुरा केही भनिरहनु परेन ८३ भित्र एक वर्षभित्र निस्किनुपर्नेमा ८३ भित्र भनेर जुन चर्चा यहाँ गर्नुभएको छ। हामीलाई  प्राप्त समय सीमा एउटा  ८३ भित्र ८३ सम्म छ। तर यसको अर्थ

के हो भन्ने ८३ सम्म कुरेर बस्ने हैन। सरकारको commitment के छ भने यो उपयुक्त समयसिमा भन्दा अगावै हामी grey list बाट बाहिर निस्किन्छौं। निस्किनुपर्छ र त्यस हिसावको तयारीमा हामो छौं, सरकार छ। अब कार्यान्वयनमा शंकाको पनि यहाँहरूले कुरा गर्नु भएको छ। कतिपय माननीयज्यूहरूले शंका व्यक्त गर्नु भएको छ। शङ्काको शङ्का व्यक्त गर्ने माननीयज्यूहरूको त्यो अभिव्यक्तिप्रति सम्मान व्यक्त गर्न चाहन्छु। यहाँहरुले शंका व्यक्त गर्नुपर्छ र मैले कार्यान्वयन गरेर त्यसको यो आफ्नो प्रस्तुतिको औचित्य पुष्टि गर्नुपर्छ कि सायद हाम्रो आआफ्नो जिम्मेवारीहरु हुन्। त्यसकारणले यहाँहरुले शंका व्यक्त गर्नुभएको छ। त्यसकाप्रति मेरो कुनै अन्यथा भनाइ छैन तर यो कार्यान्वयन गरेर शंका निवारण गर्ने जिम्मेवारी चाहि मेरो काधमा छ। म ती संसारमै अगाडि बढ्छु भनेर यहाँ समक्ष राख्न चाहन्छु।

मधेस प्रदेश कर्णाली लगायतका कुनै पनि पछाडि परेका ठाउँहरूको विकासमा एउटा सन्तुलित र समसामयिक विकासमा जोड दिनुपर्छ भन्ने कुरामा कुनै दुई मत हुन सक्दैन रोजगार,स्वरोजगारीर गरिबी निवारणतर्फ केन्द्रित हुनुपर्छ भन्ने विषयमा यसलाई प्राथमिकताकासाथ अगाडि बढाउनुपर्छ भन्ने विषयमा यसले प्राथमिकताको अग्रभागमा यो विषयलाई राखेको छ भन्ने पनि म यहाँनिरी उल्लेख गर्न चाहन्छु। अब काठमाडौं र बुटवलको सन्दर्भ यो चर्चा गर्नुभएको पनि मैले सुनें। वास्तवमा यो बुटवल सायद मेरो आफ्नो निर्वाचन क्षेत्रको सन्दर्भ भएको हुनाले चर्चा गर्नुभएको हुनसक्छ। मलाई के लाग्छ भने बुटवल र काठमाडौं हेरेर होइन। समग्र मुलुकको समग्र तस्बिरलाई हेरेर, हाम्रो जनसांख्यिक अवस्थिति र हाम्रो भौगोलिक अवस्थिति, विकासको अवस्था समग्र आर्थिक अवस्था, सामाजिक अवस्था त्यो समग्र चिजको मूल्याङ्कन गरेर हामीले बजेट निर्माण गर्नुपर्छ। त्यसरीनै निर्माण गरिनेछ भन्ने पनि म यहाँहरुलाई राख्न चाहन्छु। निराशा च्याल्ने र आसा जनाउने कुरालाई बजेटले यो केरे यो सिद्धान्त र प्राथमिकताले महत्व दिएको छ। दिनु पनि पर्दछ भन्ने मलाई लाग्छ। जनतामा निराशा छर्ने कोसिस कतिपय अतिवादीहरुले गर्दछन्। त्यो त्यस खालका प्रयासहरूलाई निरस्त्र गर्दै जनतामा आशा जगाउन आपूर्ति आफ्नो मुलुकको भविष्यप्रति विश्वास र आशा जगाउन सरकारले ध्यान दिन्छ दिनुपर्छ भन्ने यसमा त्यस कोणबाट प्रस्तुत हुन खोजिएको छ। यो प्राथमिकताले पेट भरिँदैन भन्ने कुरा छ, भर्दैन। यो त पढ्ने सुन्ने नै कुरा हो। यो सिद्धान्त प्राथमिकता यसका आधारमा हामी बजेट बनाउँछौ बजेट कार्यान्वयन गर्छौं। कार्यान्वयनमा हामीले जुन प्रकारको विगतका सिमाहरु प्रकट हुने गरेको छ। प्रस्तुतिबाट बाहिर निस्किने कोसिस गर्छौं। सकेसम्म एउटा व्यवहारिक र वस्तुनिष्ठ बजेट निर्माण गर्ने र बजेटको कार्यान्वयनको सुनिश्चिता गर्ने त्यसतर्फ हामी ध्यान दिन्छौ। त्यस क्रममा नै बजेटको कार्यान्वयनका क्रममा नै हामीले त्यसको प्रतिफल मुलुकले प्राप्त गर्छ नागरिकहरुले प्राप्त गर्छन्। यसै क्रममा पेट भर्ने सन्दर्भ पनि त्योसँग जोडिएको हुन्छ

भन्ने कुरा म राख्न चाहन्छु। यो  पहुँच र प्रभावका आधारमा बजेट विनियोजन वितरण हुन्छ कि भन्ने जुन आशंका माननीयज्यूहरूले व्यक्त गर्नुभएको छ। म अत्यन्तै विनम्रतापूर्वक यहाँहरूसँग निवेदन गर्छु। त्यो सागुँरो गल्लीमा अलमलिने त्यो सुविधा कुनै पनि अर्थमन्त्रीलाई छैन भनेर म राख्न चाहन्छु। अहिले पनि पहुँचको आधारमा, प्रभावको आधारमा अनि त्यसपछि त्यस ढङ्गले बजेट विनियोजन गर्ने त्यो सुविधा त्यो ढंगले भौतारिने अवस्था अनुकुलता छैन भन्ने कुरा म राख्न चाहन्छु। र राष्ट्रिय सोच राष्ट्रिय परिस्थितीकोको आधारमा हाम्रो हामीसँग उपलब्ध स्रोतको अत्यधिक प्रयास रहन्छ भन्ने पनि यहाँ व्यक्त गर्न चाहन्छु। र सांसदहरू विकास निर्माणमा जोड्नुपर्छ भन्ने विषयमा यहाँले जुन चासो व्यक्त गर्नुभएको छ सैद्धान्तिक रुपमा के मान्दछु भने हाम्रा हामी जनप्रतिनिधिहरु हामीले जुन प्रकारको संवैधानिक र कानुनी प्रबन्ध गरेका छौं। हाम्रो संवैधानिक र कानुनी प्रबन्धले सांसदहरूलाई दोहोरो जिम्मेवारी निर्धारण गरेको छ। एकातर्फ विधि निर्माणको जिम्मेवारी छ। अर्को तर्फ विकास निर्माणको पनि जिम्मेवारी छ। जनताका माझमा हामी जान्छौं हामी विकासका निर्माणका स्थानीय आवश्यकताका विषयहरुमा पनि प्रतिबद्धता व्यक्त गर्छौं र जनताको अभिमत प्राप्त गरेर निर्वाचित भएर आउँछौं। चाहे हामी जुनसुकै ढोकाबाट हाउसमा छिरौं । चाहे प्रत्यक्ष चाहे, समानुपातिक चाहे,अरु जुसुकै तरिकाबाट भन्दापनि हामी निर्वाचितै भएर आउछौं। त्यसरी निर्वाचित भएका सांसदहरूको जनप्रतिनिधिहरूको यो भूमिका विधि निर्माणको भूमिका विकास निर्माणको भूमिकाका बीचमा सामानजस्यता र सन्तुलनका आवश्यकता पर्छ भन्ने सैद्धान्तिक रुपमा कुरा राख्नु छलफल गर्नु त्यो नितान्त स्वभाविक विषय हो। त्यसकारणले विकासका विषयमा निर्माणका विषयमा सांसदहरुले कुरा गर्ने कुरालाई नै अनुचित मानेर केवल विधि निर्माणमा मात्रै त्यसमा सांसदहरूको चाहि ध्यान जानुपर्छ भन्ने कोणबाट सोचिनु उचित हुँदैन भन्ने मलाई लाग्छ। विधि निर्माण र विकास निर्माणका बीचमा उचित सन्तुलन कायम गर्दै सांसदहरूको भूमिकालाई प्रभावकारी अझ प्रभावकारी बनाएर जानु यो दृष्टिकोण लिनुपर्छ भन्ने मेरो मान्यता हो।र यिनै कुराहरुका साथमा यहाँले जुन प्रकारको वियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकतामाथि जुन प्रकारको छलफलका क्रममा जुन प्रकारको विचार व्यक्त गर्नुभएको छ। त्यसका प्रति फेरि एकपटक हार्दिक सम्मान व्यक्त गर्दै मैले आफ्नो जवाफ दिने क्रमलाई यही टुङ्गाउछु धन्यवाद। नमस्कार।

(१५:३८ बजे) <u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्यहरू, आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरु, आगामी आर्थिक

वर्ष २०८२/८३ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा माननीय सदस्यहरुबाट सभामा व्यक्त भएका सुझावहरु एकीकृत गरी सचिवालय मार्फत नेपाल सरकार अर्थमन्त्रालयमा पठाउने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:४० बजे) माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री श्री पृथ्वी सुब्बा गुरुङः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ लाई दफाबार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:४१ बजे) सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू अब म प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त संवैधानिक परिषद काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ का लागि दफाबार छलफलका लागि विधान व्यवस्थापन समिति पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधिसभाबाट सन्देशहित प्राप्त संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल जेठ ५ गते सोमबार अपरान्ह १३:१५ मिनेटमा बस्ने गरी यो बैठक यही स्थगित हुन्छ।

स्थगितः१५:४१ बजे।